# भ्रष्टाचार र मिडिया

## काण्ड, पात्र, प्रवृत्ति र विश्लेषण



सेन्टर फर मिडिया रिसर्च-नेपाल

# भ्रष्टाचार र मिडिया

## काण्ड, पात्र, प्रवृत्ति र विश्लेषण

सेन्टर फर मिडिया रिसर्च-नेपाल

**भ्रष्टाचार र मिडिया** : काण्ड, पात्र, प्रवृत्ति र विश्लेषण
सम्पादन : तिलक पाठक/भुवन केसी
भाषा : रघुनाथ लामिछाने
लेआउट : विपेन्द्र घिमिरे
कभर डिजाइन : बासु क्षितिज
प्रकाशन वर्ष : २०८१
ISBN : 9789937171359
DOI : https://doi.org/10.62657/cmr10214

**प्रकाशक**

सेन्टर फर मिडिया रिसर्च-नेपाल
वेब : https://research.butmedia.org/
सामाजिक सञ्जाल : CMRNepal
इमेल : cmrnepal@butmdia.org
© सेन्टर फर मिडिया रिसर्च-नेपाल

**सहयोग**

पुरक एसिया
७७ कुँवर मार्ग, काठमाडौँ-३१
इमेल : info@purakasia.org

*यो पुस्तक पुरक एसियाको सहयोगमा तयार पारिएको हो। यस पुस्तकमा व्यक्त गरिएका विचार, व्याख्या र निष्कर्ष लेखक स्वयंका हुन्। यद्यपि त्यसमा पुरक एसिया सहमत नहुन सक्छ।*

# विषयसूची

**भ्रष्टाचार र मिडिया** १-१८
*तिलक पाठक*

**नेपालमा भ्रष्टाचार : नीति र नियत** २१-६०
*दीपक अर्याल/राजीवरञ्जन सिंह*

**भ्रष्टाचारका ठूला काण्ड** ६३-१२५
*हरिबहादुर थापा*

**मिडियामा भ्रष्टाचारका मुद्दा** १२९-१७१
*भुवन केसी/चेतना कुँवर/जनार्दन नेपाल*

**कोकाकोला कर छली प्रकरण र मिडिया प्रवृत्ति** १७५-२०१
*डा. दिपेशकुमार घिमिरे*

**सिसिटिभी काण्डमा खोजी पत्रकारिता** २०५-२५४
*भुवन केसी/शकुन्तला लोथ्याल*

**भ्रष्टाचारविरुद्धका कार्टुन र प्रतीकको विविधता** २५७-२८७
*डा. कुन्दन अर्याल*

**नेपालमा भ्रष्टाचार नियन्त्रण : कानुनी व्यवस्था र अभ्यास** २९१-३३७
*तेजमान श्रेष्ठ*

**लेखक परिचय** ३३८-३३९

# सिसिटिभी काण्डमा खोजी पत्रकारिता

भुवन केसी/शकुन्तला लोथ्याल

https://doi.org/10.62657/cmr10214f


इज्जत
इमान
नैतिकता
रवि

## परिचय

अर्थ मन्त्री जनार्दन शर्माले आर्थिक वर्ष २०७९/८० को बजेट निर्माण प्रक्रियामा अर्थ मन्त्रालयमा अनधिकृत व्यक्तिलाई प्रवेश दिएको र राजस्वका दरमा ठूलो चलखेल गरी नीतिगत भ्रष्टाचार गरेको समाचार सञ्चार माध्यममा प्रकाशित भएपछि त्यसले राष्ट्रियरूपमा तरङ्ग सिर्जना गऱ्यो। अर्थ मन्त्रीविरुद्ध सडक आन्दोलन भयो भने सदन अवरुद्ध भयो। दबाब बढ्दै गएपछि शर्मा पदबाट राजीनामा दिन बाध्य भए। घटनाको छानविन गर्न संसदीय समिति गठन गरियो।

राष्ट्रियरूपमा निकै ठूलो मुद्दा बनेको यो विषयबारे विभिन्न सञ्चार माध्यमले समाचार तथा विचारहरू प्रवाह गरे। तर अनधिकृत व्यक्ति प्रवेश गरेको भन्ने आरोप पुष्टि हुने गरी तथ्य प्रमाणहरू मिडियाबाट सार्वजनिक भएनन्। छानविनका लागि बनाइएको संसदीय समितिले पनि अर्थ मन्त्रीमाथि लगाइएका आरोप पुष्टि हुने गरी प्रतिवेदन दिएन। त्यसपछि शर्मा पुनः अर्थ मन्त्री नियुक्त भए। यहाँ बजेट निर्माणमा अनधिकृत व्यक्तिको प्रवेशले राजस्वका दरमा चलखेल भएको घटनादेखि शर्मा पुनः नियुक्ति हुँदासम्म घटनाक्रम कसरी अघि बढ्यो, त्यसलाई अन्नपूर्ण पोस्ट दैनिक, कान्तिपुर दैनिक र गोरखापत्र दैनिकले २०७९ साल जेठ ३० गतेदेखि २०७९ साल साउन ३० गतेसम्म कसरी कभरेज गरे भन्ने विषयमा अध्ययन गरिएको छ। साथै यो मुद्दामा नेपाली मिडिया

कहाँनेर चुके भन्ने पक्ष केलाइएको छ । अध्ययनमा घटना अध्ययन गर्नुका साथै सङ्ख्यात्मक र गुणात्मक विधिमार्फत यससम्बन्धी प्रकाशित सामग्रीहरूको विश्लेषण गरिएको छ ।

## घटनाको पृष्ठभूमि

अर्थ मन्त्री शर्माले २०७८ साल जेठ १५ गते आर्थिक वर्ष २०७८/८० को बजेट सङ्घीय संसद्को प्रतिनिधि सभा बैठकमा प्रस्तुत गरेका थिए। त्यसको २ हप्तापछि २०७८ साल जेठ ३० गते अन्नपूर्ण पोस्ट दैनिकमा 'मध्यराति बजेटमा जब चुकुल लाग्यो' शीर्षकमा ब्यानर समाचार प्रकाशित भयो।[1] समाचारको सार यस्तो थियो-भन्सारका पूर्वनासु रघुनाथ घिमिरेलाई जेठ १४ गते राति अर्थ मन्त्री शर्माले अर्थ मन्त्रालय बोलाए र २ सचिव एवं सहसचिवलाई घिमिरेले भनेअनुसार राजस्वका दर मिलाउन निर्देशन दिए । र, सोहीअनुसार बजेट संसद्मा प्रस्तुत हुँदा राजस्वका दरमा ठूलो चलखेल भयो ।

समाचार प्रकाशित भएपछि प्रतिपक्षीमा रहेको नेकपा एमालेले बजेटमाथि गम्भीर खेलबाड भएको भन्दै अर्थ मन्त्रीको राजीनामा माग्यो।[2] संसद्को बैठक अवरुद्ध गऱ्यो । र, संसदीय छानविन समिति गठन गर्न माग गऱ्यो।[3] अर्थ मन्त्रीबारे विवाद भए पनि बजेट भने पारित गरियो।[4] विज्ञहरूले पनि सेटिङमा काम गर्ने कुरा अक्षम्य अपराध रहेको टिप्पणी गरे ।[5] अर्थ मन्त्रीलाई कारवाही गर्न माग गरियो । बजेट प्रस्तुत हुँदा

---

[1] काफ्ले, सुरेन्द्र र थापा, ममता । २०७९, जेठ ३० । मध्यराति बजेटमा जब चुकुल लाग्यो । अन्नपूर्ण पोस्ट, पृ १ ।

[2] चापागाईं, तारा । २०७९, जेठ ३१ । विपक्षी सांसदले मागे अर्थ मन्त्रीको राजीनामा । अन्नपूर्ण पोस्ट, पृ.१ ।

[3] चापागाईं, तारा । २०७९, असार १ । बजेट चलखेलले संसद् अवरुद्ध । अन्नपूर्ण पोस्ट, पृ. १ ।

[4] २०७९, असार ३ । अर्थ मन्त्री शर्मामाथि छानविनबिनै बजेट पारित । कान्तिपुर दैनिक, पृ. ।

[5] थापा, ममता र काफ्ले, सुरेन्द्र । २०७९, असार १ । विज्ञ भन्छन्- बजेट सेटिङ अक्षम्य अपराध । अन्नपूर्ण पोस्ट, पृ.२ ।

नीतिगत भ्रष्टाचार भएको भन्दै अर्थ मन्त्रीको चौतर्फी विरोध भयो । वास्तविकता के हो भन्ने स्पष्ट हुन अर्थ मन्त्रालयको सिसिटिभीको फुटेज सार्वजनिक गर्न दबाब बढ्यो । धेरै क्षेत्रबाट सिसिटिभी सार्वजनिक गर्न माग बढ्दै गएपछि अर्थ मन्त्रालयले २०७९ साल साउन १९ गते मन्त्रालयमा जडान भएको सिसिटिभीको क्षमता र जडान भएको क्यामराको आधारमा १३ दिनसम्म सिसिटिभीको फुटेज अभिलेख रहने र त्यसपछि स्वत: मेटिने तर्क दियो ।[६] मन्त्रालयको यस भनाइप्रति धेरैले विश्वास नै गरेनन् । बरु, महिनौँसम्म रहन सक्छ भन्ने किसिमका भनाइहरू सार्वजानिक भए। सिसिटिभी जडान तथा कार्यसञ्चालनसम्बन्धी कार्यविधि २०७२ मा सिसिटिभीबाट खिचेका दृश्यहरू तीन महिनासम्म राख्नुपर्ने प्रावधान थियो । अर्थ मन्त्रालय आफैँले फुटेज मेटाएको भनी आरोप पनि लाग्यो ।[७] छानविन समितिले गृह मन्त्रालयलाई सिंहदरबार प्रवेश गर्ने दक्षिण र पश्चिम गेटमा जडान गरिएको सिसिटिभीको फुटेज माग गर्‍यो । गृहले सिसिटिभी फुटेज १६ दिनसम्म मात्र सञ्चित हुने व्यवस्था भएकाले उपलब्ध गराउन नसकिएको जानकारी गरायो ।[८]

अर्थ मन्त्री शर्माको नियतमाथि सत्तागठबन्धनबाट पनि प्रश्न उठ्यो। नेपाली कङ्ग्रेसका महामन्त्री गगन थापाले राजीनामा दिन अर्थ मन्त्रीलाई सुझाव दिए । उनले अर्थ मन्त्रीले स्वत: राजीनामा नदिने हो भने प्रधानमन्त्रीले बर्खास्त गर्न जरुरी रहेको धारणा पनि सार्वजनिक गरे ।[९] नेकपा माओवादी पार्टीभित्र पनि अर्थ मन्त्री शर्माको नियतमाथि प्रश्न उठाउँदै छानविनको माग भयो ।[१०] अर्थ मन्त्रीविरुद्ध उद्योगी र मजदूरले

---

६ २०७९ साल साउन १९ गते अर्थ मन्त्रालयले उपभोक्ता हित संरक्षण मञ्चलाई लेखेको पत्र ।

७ काफ्ले, सुरेन्द्र र गौतम, दिनेश । २०७९, असार २० । अर्थले मेट्यो सिसिटिभी फुटेज । अन्नपूर्ण पोस्ट, पृ. २ ।

८ गृह मन्त्रालयलाई छानविन समितिले पठाएको पत्र । २०७९ साउन १० ।

९ कि राजीनामा कि निष्काशन' । २०७९ असार २१ । अन्नपूर्ण पोस्ट, पृ. १ ।

१० महतो, राजकरण । २०७९, असार २० । अर्थ मन्त्रीमाथि माओवादीमै छानविन माग । अन्नपूर्ण पोस्ट, पृ.२ ।

सडक आन्दोलन सुरु गरे ।[११] विवाद बढ्दै गइरहेका बेला अर्थसचिव मधु मरासिनी अर्थ मन्त्रीमा शर्मा रहँदासम्म अर्थ मन्त्रालय नआउने भन्दै बिदामा बसे । अर्थ मन्त्रीलाई हटाउन प्रधानमन्त्री शेरबहादुर देउवालाई दबाब पऱ्यो।[१२] प्रधानमन्त्रीको नियतमाथि पनि प्रश्न उठाइयो।[१३] राजीनामा दिन अर्थ मन्त्रीलाई चौतर्फी दबाब बढ्यो।[१४] अन्ततः असार २२ गते अर्थ मन्त्री शर्माले राजीनामा दिए। आफूमाथि अनावश्यक लाञ्छना लगाएको भन्दै उनले 'एउटा छानविन होइन, हजारौँ छानविनका लागि तयार छु' भन्ने अभिव्यक्ति दिए ।[१५] सोही दिन संसद्बाट ११ सदस्यीय संसदीय छानविन समिति गठन भयो ।[१६] समितिमा सत्तारुढ दलका सदस्यहरूको बाहुल्यता थियो। शर्मालाई जोगाउने नियतले नै समिति गठन गरिएको हो कि भन्ने शङ्का थियो ।[१७] बजेटको वैधानिकतामाथि पनि प्रश्न उठ्यो । असार २८ गतेदेखि संसदीय समितिले छानविन सुरु गऱ्यो। तर, सिसिटिभी फुटेज पाउन सकेन ।[१८] सिसिटिभी फुटेज मेटियो कि मेट्न लगाइयो भन्ने सम्बन्धमा व्यापक बहस भयो । अरूले जति आरोप लगाए पनि

---

[११] भण्डारी, विनोद । २०७९, असार १० । अर्थ मन्त्रीको राजीनामा माग्दै उद्योगी र मजदूर आन्दोलित । कान्तिपुर दैनिक, पृ.९ ।

[१२] जोशी, हेमन्त र महरा, जयसिंह। २०७९, असार २१। अर्थ मन्त्री हटाउन प्रधानमन्त्रीमाथि दबाब। कान्तिपुर दैनिक, पृ.१।

[१३] २०७९, असार २२ । प्रधानमन्त्री देउवातर्फ सोझिएको नैतिक प्रश्न (सम्पादकीय) । कान्तिपुर दैनिक, पृ.६ ।

[१४] काफ्ले, सुरेन्द्र । २०७९, असार २२ । राजीनामा दिन अर्थ मन्त्रीलाई चौतर्फी दबाब । अन्नपूर्ण पोस्ट, पृ. १ ।

[१५] २०७९ साल साउन १६ गते शर्माले संसद्मा व्यक्त गरेको विचार।

[१६] समितिमा नेकपा एमालेका ४, नेपाली कङ्ग्रेसका २, नेकपा माओवादी केन्द्रका २, एकीकृत समाजवादीका १, जनता समाजवादी पार्टीका १ र लोकतान्त्रिक समाजवादी पार्टीका १ जना सभासद् थिए।

[१७] २०७९, असार २३ । संसदीय समिति : सन्देहको कठघरामा (सम्पादकीय) । अन्नपूर्ण पोस्ट, पृ. ५ ।

[१८] काफ्ले, सुरेन्द्र । २०७९, असार ३१ । छानविन समितिले पाएन सिसिटिभी । अन्नपूर्ण पोस्ट, पृ.१ ।

शर्माले राजस्वका दर हेरफेरमा आफ्नो संलग्नतालाई अस्वीकार गरे।[१९] फुटेज रिकभर गर्न फरेन्सिक ल्याब पठाइयो। रिकभर भएको फुटेज विज्ञको सहयोगमा समितिका पदाधिकारीले हेरे पनि दृश्य स्पष्ट नहुँदा समितिले ठोस प्रमाण फेला पार्न सकेन।[२०] सिसिटिभीको फुटेज नपाएपछि समितिमा विवाद भयो। अर्थ मन्त्रीको कल डिटेल माग्नेबारे पनि समितिमा मतभेद भयो।[२१] समितिको छानविनमाथि पनि प्रश्न उठाइयो। बहुमत सदस्यको समर्थन रहेको र प्रतिपक्षी दल एमालेको असहमतिका बीच समितिले प्रतिवेदन पेस गर्‍यो। जसमा 'समितिले अर्थ मन्त्रालयका पदाधिकारीसँग गरेको छलफल, अर्थ मन्त्रालयबाट प्राप्त गरेको जवाफ र कागजात, प्राप्त गरेको सिसिटिभीको फुटेजको अध्ययनलगायत हालसम्म समितिले गरेको छानविन र सङ्कलन गरेका प्रमाणका आधारमा करका दर निर्धारणमा अनधिकृत व्यक्ति प्रवेश गरेको देखिएन। सो नदेखिएपछि करका दर हेरफेरमा अनधिकृत व्यक्तिको प्रभाव प्रसङ्ग सान्दर्भिक रहेन। करका दरले अर्थतन्त्रमा पारेका प्रभावहरूको नियमित अध्ययन संसद्को सम्बन्धित विषयगत समितिले गर्ने नै हुँदा त्यसतर्फ यस समितिले थप केही गर्नुपर्ने देखिएन' भन्ने उल्लेख थियो।[२२]

एमालेले भने गहिराइमा पुगेर अनुसन्धान हुन नसकेको आरोप लगायो। '...अनधिकृत भनेर भनिएको व्यक्तिलगायत छानविनको दायरामा रहेका व्यक्तिहरूको कल डिटेल र मोबाइल लोकेसन हेर्न नदिइएको, बजेट निर्माणको रातिको सम्पूर्ण दृष्य सङ्ग्रहित दुरुस्त अवस्थाको सिसिटिभी फुटेज उपलब्ध नगराइएको, बजेट निर्माण प्रक्रियामा संलग्न व्यक्तिहरूको

---

[१९] २०७९, साउन ६। शर्माद्वारा अनधिकृत व्यक्तिको संलग्नता अस्वीकार। कान्तिपुर दैनिक, पृ.१।

[२०] काफ्ले, नारायण। २०७९, साउन १०। छानविन समिति सुराकीबिहीन। गोरखापत्र दैनिक पृ.१।

[२१] काफ्ले, नारायण। २०७९, साउन ९। कल डिटेल माग्न समितिभित्रै विवाद। गोरखापत्र दैनिक पृ.१।

[२२] आर्थिक विधेयक, २०७९ मा करका दरहरू हेरफेर गर्ने सम्बन्धमा अनधिकृत व्यक्ति प्रवेश गरेको विषयसम्बन्धी संसदीय छानविन प्रतिवेदन २०७९। काठमाडौँ : सङ्घीय संसद् प्रतिनिधि सभा संसदीय छानविन समिति, २०७९।

नामनामेसी अर्थ मन्त्रालयले उपलब्ध नगराएको, त्यसले गर्दा त्यस दिन उपस्थित सबै व्यक्तिसँग सोधपुछ गर्न नपाइएको, ड्युटी फेरिएपछि रातिको सुरक्षा जिम्मेवारी लिने सुरक्षाकर्मीसँग सोधपुछ गर्नसमेत अवरोध भएको र करका दरको हेरफेरबाट मर्कामा परेका सरोकारवालासँग पटक-पटकको आग्रहका बाबजुद छलफल गर्न समितिका सत्तापक्षीय कतिपय सदस्यहरू इच्छुक नभएको आदि कारणले आर्थिक वर्ष २०७९ को आर्थिक विधेयकमा करका दरहरू हेरफेर गर्ने सम्बन्धमा अनधिकृत व्यक्तिको प्रवेश भएको होइन, थिएन भन्ने विषयमा गहिरो अनुसन्धान नै हुन सकेन। तसर्थ, अनुसन्धान नै पूर्ण र पर्याप्त हुन नसकेका कारण यत्तिकै आधारमा अनधिकृत व्यक्तिको प्रवेश भएको थिएन भन्ने निष्कर्षमा पुग्न सकिदैन', फरक मतमा उल्लेख थियो।[२३]

प्रतिवेदनको पक्ष र विपक्षमा बहस भयो। तथ्य लुकाउन अनुसन्धान अधुरै भन्दै छानविन समितिको सामर्थ्य र नियतमाथि पनि प्रश्न उठ्यो।[२४] संसदीय छानविन समितिले करका दर निर्धारणमा अनधिकृत व्यक्ति प्रवेश गरेको देखिएन भन्ने निष्कर्षसहित प्रतिवेदन दिएपछि शर्मालें क्लिन चिट पाए। त्यसपछि शर्मालाई २०७९ साल साउन १६ गते पुनः अर्थ मन्त्री नियुक्त गरियो। अनधिकृत व्यक्तिको संलग्नतामा करको दर हेरफेर गरिएको भनी अर्थ मन्त्रीमाथि लागेको आरोप र त्यससँगै सुरु भएको विवादमा छानविन गर्दा अर्थ मन्त्रालयले सिसिटिभी फुटेज उपलब्ध नगराएको/गराउन नसकेको यो प्रकरणलाई नेपाली मिडियाले 'सिसिटिभी काण्ड' का रूपमा चित्रित गरेका हुन्। प्रस्तुत आलेख यही काण्डमा नेपाली मिडियाले गरेको कभरेजमा केन्द्रित छ।

## सिसिटिभी काण्डको समाचार कभरेज अवस्था

२०७९ साल जेठ ३० गतेदेखि २०७९ साउन ३० गतेसम्म अन्नपूर्ण पोस्ट, कान्तिपुर दैनिक र गोरखापत्रमा बजेटमा राजस्वका दर हेरफेरसम्बन्धी

---

२३ नेकपा एमालेको फरक मत। २०७९ साउन १३।

२४ काफ्ले, सुरेन्द्र। २०७९, साउन १६। अपुरो छानविनका भरमा फर्काइए शर्मा। अन्नपूर्ण पोस्ट, पृ.१।

सिसिटिभी काण्डको सेरोफेरोमा रहेर १०३ वटा सामग्री प्रकाशित भएका छन् । यो विषयमा सबै भन्दा पहिले अन्नपूर्ण पोस्ट दैनिकमा समाचार प्रकाशित भएको थियो । यो पत्रिकाले त्यसपछि निरन्तर फ्लोअप गर्दै आएको पाइन्छ। अन्नपुर्ण पोस्ट दैनिकमा २ महिनामा ४२ वटा सामग्री प्रकाशित भएका छन् जुन यससम्बन्धी प्रकाशित कुल सामग्रीको ४०.८ प्रतिशत हो । अन्नपूर्ण पोस्ट दैनिकमा समाचार प्रकाशित भएपछि यो निकै चर्चाको विषय बन्यो । कान्तिपुर दैनिकले अन्नपूर्ण पोस्ट दैनिकमा समाचार प्रकाशित भएको अर्को दिनदेखि यो विषयसँग सम्बन्धित सामग्रीहरू प्रकाशित गरेको देखिन्छ । यस अवधिमा कान्तिपुर दैनिकमा ४३ वटा सामग्री प्रकाशित भएका थिए जुन कुल सामग्रीको ४१.८ प्रतिशत हो। त्यस्तै, गोरखापत्र दैनिकमा १८ वटा सामग्री प्रकाशित भएको पाइन्छ जुन कुल प्रकाशित सामग्रीको १७.४ प्रतिशत हो।

तालिका १ : **सिसिटिभी काण्डको महिनाअनुसारको विभिन्न मिडियाको कभरेज अवस्था** (जेठ ३०-साउन ३०, २०७९ - सङ्ख्या १०३) प्रतिशतमा

| मिडियाको नाम | जेठ | असार | साउन | जम्मा |
|---|---|---|---|---|
| अन्नपूर्ण पोस्ट | ३ | २६.२ | ११. ६ | ४०.८ |
| कान्तिपुर | १ | २४.२ | १६.६ | ४१.८ |
| गोरखापत्र | - | ६.७ | १०.७ | १७.४ |
| जम्मा | ४ | ५७.१ | ३८.९ | १०० |

*स्रोत : सिएमआर-नेपाल, २०८०*

## सामग्री सङ्ख्या र प्रकार

मिडियामा समाचार, समाचार विश्लेषण, सम्पादकीय, विचार, अन्तर्वार्ता, पाठकपत्रलगायतका सामग्री प्रकाशित हुन्छन्। त्यसमध्ये बजेटमा राजस्वको दर हेरफेरसम्बन्धी विषयमा समाचार सबै भन्दा धेरै प्रकाशित भएको पाइन्छ । कुल १०३ वटा सामग्रीमध्ये ३ वटा पत्रिकामा प्रकाशित समाचारको सङ्ख्या चाहिँ ७७ छ जुन कुल सामग्रीको ७४.६ प्रतिशत

हुन्छ। त्यस्तै सम्पादकीय ८.९, विचार ८.७ प्रतिशत र पाठकपत्र ७.८ प्रतिशत छ (विस्तृत विवरणका लागि तालिका २ हेर्नुहोला)।

तालिका २ : **सामग्री किसिमको आधारमा सिसिटिभी काण्डको विभिन्न मिडियामा कभरेज अवस्था प्रतिशतमा**

| मिडियाको नाम | सम्पादकीय | समाचार | विचार | पाठकपत्र | जम्मा |
|---|---|---|---|---|---|
| अन्नपूर्ण पोस्ट | ३ | ३३ | ३.८ | १ | ४०.८ |
| कान्तिपुर | ४.९ | २७.१ | ४.९ | ४.९ | ४१.८ |
| गोरखापत्र | १ | १४.५ | - | १.९ | १७.४ |
| जम्मा | ८.९ | ७४.६ | ८.७ | ७.८ | १०० |

*स्रोत : सिएमआर-नेपाल, २०८०*

## समाचारमा अर्थ मन्त्रीको पक्ष र विपक्ष

अर्थ मन्त्री शर्माले राजस्वका दर हेरफेर गर्न लगाएका हुन् भन्ने कुरालाई कुनै न कुनै हिसाबले सहयोग पुग्नेखालका शीर्षक भएका समाचारहरू बढी प्रकाशित भएको पाइन्छ। शर्माले राजस्वका दर हेरफेर गर्न लगाएका हुन् भन्ने आसय शीर्षकमा नै झल्किनेखालका समाचार ५०.६ प्रतिशत छन् जसमध्ये कान्तिपुरमा २२ प्रतिशत, अन्नपूर्ण पोस्टमा २०.८ प्रतिशत र गोरखापत्रमा ७.८ प्रतिशत छ। यस हिसावले अर्थ मन्त्री शर्माको विपक्षमा कान्तिपुरमा सबै भन्दा धेरै र गोरखापत्रमा सबै भन्दा कम समाचार प्रकाशित भएको पाइन्छ।

शर्माले राजस्वका दर हेरफेर गर्न लगाएका होइनन्, उनी निर्दोष छन् वा उनलाई सफाइ दिनुपर्छ भन्ने आशय शीर्षकमै झल्किनेखालका समाचार समग्रमा १९.५ प्रतिशत छ। चाखलाग्दो तथ्यचाहिँ के छ भने यो समाचार पहिलोपटक ब्रेक गरेको अन्नपूर्ण पोस्टमा नै यस किसिमको समाचारको मात्रा ज्यादा छ। अन्नपूर्ण पोस्टमा यस किसिमको समाचार ९.१ प्रतिशत छ भने त्यसपछि गोरखापत्रमा ६.५ प्रतिशत र कान्तिपुरमा यस किसिमको समाचार ३.९ प्रतिशत छ। अर्थ मन्त्री शर्माको पक्ष र विपक्ष कुन हो भनी छुट्ट्याउनै नसकिने किसिमका समाचारचाहिँ समग्रमा

२९.९ प्रतिशत छ। यस किसिमको समाचार अन्नपूर्ण पोस्टमा सबै भन्दा बढी १४.३ प्रतिशत छ भने त्यसपछि कान्तिपुरमा १०.४ र गोरखापत्रमा ५.२ प्रतिशत छ।

तालिका ३ : **प्रकाशित सामग्रीको पक्ष/विपक्षको आधारमा सिसिटिभी काण्डको विभिन्न मिडियामा कभरेज अवस्था** (सङ्ख्या-७७) प्रतिशतमा

| मिडियाको नाम | सकारात्मक | नकारात्मक | छुट्याउन नसकिने | जम्मा |
|---|---|---|---|---|
| अन्नपूर्ण पोस्ट | ९.१ | २०.८ | १४.३ | ४४.२ |
| कान्तिपुर | ३.९ | २२ | १०.४ | ३६.३ |
| गोरखापत्र | ६.५ | ७.८ | ५.२ | १९.५ |
| जम्मा | १९.५ | ५०.६ | २९.९ | १०० |

*स्रोत : सिएमआर-नेपाल, २०८०*

## समाचारको डेटलाइन

३ वटै पत्रिकाका अधिकांश समाचार काठमाडौँ डेटलाइनमा लेखिएका छन्। अन्नपूर्ण दैनिक र गोरखापत्र दैनिकका सबै समाचार काठमाडौँ डेटलाइनमा छन् जुन कुल सामग्रीको क्रमश: ४४.२ र १९.५ प्रतिशत छ। त्यस्तै यससम्बन्धी कुल समाचारमध्ये कान्तिपुर दैनिकमा ३६.३ प्रतिशत छापिएकामा ३५ प्रतिशत समाचार काठमाडौँ डेटलाइनमा र १.३ प्रतिशत मात्रै विराटनगर डेटलाइनमा छन्। चर्चाको हिसाबले सिसिटिभी काण्डले देशभर तरङ्ग ल्याए पनि समाचार उत्पादनका हिसाबले काठमाडौँकेन्द्रित भएको देखिन्छ।

तालिका ४ : **डेटलाइनको आधारमा सिसिटिभी काण्डको मिडिया कभरेज अवस्था** (सङ्ख्या-७७)

| मिडियाको नाम | काठमाडौँ | अन्य | जम्मा |
|---|---|---|---|
| अन्नपूर्ण पोस्ट | ४४.२ | - | ४४.२ |
| कान्तिपुर | ३५ | १.३ | ३६.३ |
| गोरखापत्र | १९.५ | - | १९.५ |
| जम्मा | ९८.७ | १.३ | १०० |

*स्रोत : सिएमआर-नेपाल, २०८०*

## समाचारमा बाइलाइन

सिसिटिभी काण्डलाई लिएर यस अवधिमा प्रकाशितमध्ये ८०.५ प्रतिशत समाचारमा बाइलाइन छ जसमध्ये अन्नपूर्ण पोस्टको ४१.६ प्रतिशत समाचारमा, कान्तिपुरको २९.८ प्रतिशत समाचारमा र गोरखापत्रको ९.१ प्रतिशत समाचारमा बाइलाइन छ । अन्नपूर्णमा एकजनाको बाइलाइन रहेको समाचार २०.८ प्रतिशत छ भने २ जनाको बाइलाइन भएको १६.९ प्रतिशत र २ भन्दा बढी जनाको बाइलाइन रहेको समाचार ३.९ प्रतिशत छ । कान्तिपुरमा १ जनाको बाइलाइन भएको समाचार २३.३ प्रतिशत र २ जनाको बाइलाइन भएको समाचार ६.५ प्रतिशत छ । गोरखापत्रमा भने यससम्बन्धी विषयमा १ जनाको मात्रै बाइलाइन भएको समाचार प्रकाशित भएको छ जुन ९.१ प्रतिशत छ ।

त्यसो त यो काण्डसम्बन्धी विषयलाई लिएर बाइलाइनविना नै पनि समाचार प्रकाशित भएको पाइन्छ । समग्रमा यस्तो समाचारको हिस्सा १९.५ प्रतिशत छ। अन्नपूर्ण पोस्टमा प्रकाशित २.६ प्रतिशत समाचारमा बाइलाइन छैन भने कान्तिपुरमा प्रकाशित ६.५ र गोरखापत्रमा प्रकाशित १०.४ प्रतिशत समाचारमा पनि बाइलाइन छैन। यसरी अन्नपूर्ण पोस्ट र कान्तिपुर दैनिकमा धेरै समाचार बाइलाइनसहित प्रकाशित हुनुले मिडियाले समाचारको विषयलाई महत्त्व दिएको, समाचार तयार पार्न धेरै मेहनत गरिएको र बढी भन्दा बढी विश्वसनीयता आर्जन गर्न चाहेको देखिन्छ ।

तालिका ५ : **बाइलाइनको आधारमा सिसिटिभी काण्डमा समाचार कभरेजको अवस्था**

| मिडियाको नाम | बाइलाइन | बाइलाइनमा नाम सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| अन्नपूर्ण पोस्ट | छ | १ जना | २०.८ |
| | | २ जना | १६.९ |
| | | २ भन्दा बढी | ३.९ |
| | छैन | | २.६ |
| जम्मा | | | ४४.२ |
| कान्तिपुर | छ | १ जना | २३.३ |
| | | २ जना | ६.५ |
| | छैन | | ६.५ |
| जम्मा | | | ३६.३ |
| गोरखापत्र | छ | १ जना | ९.१ |
| | | २ जना | - |
| | | २ भन्दा बढी | - |
| | छैन | | १०.४ |
| जम्मा | | | १९.५ |
| जम्मा | | | १०० |

*स्रोत : सिएमआर-नेपाल, २०८०*

## सामग्री प्रकाशित स्थान

पत्रिकाहरूले बजेटमा राजस्वका दर हेरफेर गरेको अर्थात् सिसिटिभी काण्डसम्बन्धी समाचारलाई महत्त्व दिएको पाइन्छ। प्रथम पृष्ठमा ४४.६ प्रतिशत, भित्री पृष्ठहरूमा ३०.१ प्रतिशत र विचार पृष्ठमा २५.३ प्रतिशत सामग्री प्रकाशित भएको पाइन्छ। त्यसमा पनि १३.६ प्रतिशत समाचार पहिलो पृष्ठमा मुख्य समाचारका रूपमा प्रकाशित भएको छ भने ५.८ प्रतिशत समाचारले भित्री पृष्ठमा मुख्य समाचारको स्थान पाएको देखिन्छ।

अन्नपूर्ण पोस्टमा पहिलो पृष्ठमा प्रकाशितमध्ये ८.७ प्रतिशत समाचारले मुख्य समाचारको स्थान पाएको छ भने १०.७ प्रतिशत समाचारले अन्य स्थान प्राप्त गरेको छ। त्यस्तै भित्री पृष्ठमा प्रकाशितमध्ये ३.९ प्रतिशतले मुख्य समाचारको स्थान र ९.७ प्रतिशत समाचारले अन्य स्थान प्राप्त गरेको छ । कान्तिपुर दैनिकमा भने पहिलो पृष्ठमा प्रकाशितमध्ये ४.९ प्रतिशत समाचारले मुख्य समाचारको स्थान पाएका छन् भने ८.७ प्रतिशतले अन्य स्थान पाएका छन् । त्यस्तै भित्री पृष्ठहरूमा प्रकाशित समाचारको हकमा भने १.९ प्रतिशत समाचारले मुख्य समाचारको स्थान र ११.७ प्रतिशत समाचारले अन्य स्थान पाएका छन् । गोरखापत्रले भने यससम्बन्धी समाचारलाई कुनै पनि पृष्ठमा मुख्य समाचारको स्थान दिएको छैन। गोरखापत्रले पहिलो पृष्ठमा ११.६ प्रतिशत समाचार र भित्री पृष्ठमा २.९ प्रतिशत समाचार प्रकाशित गरेको छ। यी सबै समाचारलाई गोरखापत्रले अन्य समाचारको स्थान दिएको छ ।

विचार पृष्ठमा पनि सबै पत्रिकाले यससम्बन्धी सामग्रीलाई स्थान दिएको देखिन्छ । अन्नपूर्णले ७.८ प्रतिशत प्रकाशित सामग्रीलाई विचार पृष्ठमा स्थान दिएको छ भने कान्तिपुरमा १४.६ प्रतिशत स्थान पाएको छ । गोरखापत्रको विचार पृष्ठमा भने २.९ प्रतिशत सामग्रीले मात्रै स्थान पाएको देखिन्छ । यस हिसावले पत्रिकाहरूले सिसिटिभी काण्डसम्बन्धी समाचारलाई पहिलो पृष्ठमा त्यो पनि मुख्य समाचारकै रूपमा प्राथमिकता दिएको देखिन्छ। प्रथम पृष्ठमा सबै भन्दा धेरै ४४.६ प्रतिशत स्थान दिनुले पनि पत्रिकाहरूले सिसिटिभी काण्डलाई प्राथमिकताका साथ प्रकाशित गरेको पुष्टि हुन्छ ।

तालिका ६ : **पृष्ठ र प्रकाशित स्थानको आधारमा मिडिया कभरेज**

| मिडियाको नाम | प्रकाशित पृष्ठ | प्रकाशित स्थान | प्रतिशत |
|---|---|---|---|
| अन्नपूर्ण पोस्ट | पहिलो पृष्ठ | मुख्य समाचार | ८.७ |
| | | अन्य समाचार | १०.७ |
| | भित्री पृष्ठ | मुख्य समाचार | ३.९ |
| | | अन्य समाचार | ९.७ |
| | विचार पृष्ठ | | ७.८ |
| जम्मा | | | ४०.८ |
| कान्तिपुर | पहिलो पृष्ठ | मुख्य समाचार | ४.९ |
| | | अन्य समाचार | ८.७ |
| | भित्री पृष्ठ | मुख्य समाचार | १.९ |
| | | अन्य समाचार | ११.७ |
| | विचार पृष्ठ | | १४.६ |
| जम्मा | | | ४१.८ |
| गोरखापत्र | पहिलो पृष्ठ | मुख्य समाचार | - |
| | | अन्य समाचार | ११.६ |
| | भित्री पृष्ठ | मुख्य समाचार | - |
| | | अन्य समाचार | २.९ |
| | विचार पृष्ठ | | २.९ |
| जम्मा | | | १७.४ |
| जम्मा | | | १०० |

*स्रोत : सिएमआर-नेपाल, २०८०*

## समाचारका प्रकार

यो विषयलाई पत्रिकाहरूले महत्त्व दिएको पाइन्छ। घटनाक्रमलाई निरन्तर फ्लोअप गर्नुका साथै खोजी पनि उत्तिकै गरेको पाइन्छ। यस अवधिमा अन्नपूर्ण पोस्टले घटनामा आधारित समाचार २४.७ प्रतिशत दिएको छ भने खोजी गरेका अनौपचारिक किसिमका समाचार १९.५ प्रतिशत

छ । कान्तिपुर दैनिकले चाहिँ यो विषयमा घटनामा आधारित भन्दा खोजी समाचार धेरै दिएको छ । कान्तिपुरमा यस अवधिमा सिसिटिभी काण्डसम्बन्धी १९.५ प्रतिशत अनौपचारिक किसिमका समाचार प्रकाशित भए भने १६.८ प्रतिशत घटनामा आधारित समाचार प्रकाशित भएका छन्।

गोरखापत्रको सवालमा चाहिँ अलि फरक छ । गोरखापत्रले अनौपचारिक किसिमका समाचार भन्दा घटनामा आधारित समाचारमा जोड दिएको छ। गोरखापत्रमा घटनामा आधारित समाचार १५.६ प्रतिशत र अनौपचारिक किसिमका ३.९ प्रतिशत समाचार प्रकाशित भएका छन्। कान्तिपुर दैनिकले अनौपचारिक समाचारमा जोड दिएको छ भने अन्नपूर्ण पोस्टले दुवै किसिमका समाचारलाई उत्तिकै प्राथमिकता दिएको देखिन्छ । गोरखापत्र दैनिकले भने घटनाप्रधान समाचारमा जोड दिएको छ ।

तालिका ७ : **समाचारको प्रकृतिको आधारमा सिसिटिभी काण्डको मिडिया कभरेज** (सङ्ख्या-७७)

| मिडियाको नाम | अनौपचारिक | घटनामा आधारित | जम्मा |
|---|---|---|---|
| अन्नपूर्ण पोस्ट | १९.५ | २४.७ | ४४.२ |
| कान्तिपुर | १९.५ | १६.८ | ३६.३ |
| गोरखापत्र | ३.९ | १५.६ | १९.५ |
| जम्मा | ४२.९ | ५७.१ | १०० |

*स्रोत : सिएमआर-नेपाल, २०८०*

## समाचारमा स्रोत

प्रकाशित सबै समाचारमा स्रोत उल्लेख गरेको पाइन्छ। त्यसमा ५ भन्दा धेरै स्रोत प्रयोग गरिएका समाचारहरू बढी प्रकाशित भएको पाइन्छ । समग्रमा ५ भन्दा धेरै स्रोतको प्रयोग गरिएका समाचार २४.५ प्रतिशत छ जसमा कान्तिपुरको १४.२ प्रतिशत र अन्नपूर्ण पोस्टको १०.३ प्रतिशत छ। ५ वटा स्रोत प्रयोग गरेर लेखेको समाचार कान्तिपुर र अन्नपूर्ण पोस्टमा बराबरी (३.९ प्रतिशत) छ। ४ वटा स्रोत प्रयोग गरेर लेखिएको समाचार अन्नपूर्ण पोस्टमा ६.५ र कान्तिपुरमा ५.२ प्रतिशत छ ।

त्यस्तै ३ वटा स्रोत प्रयोग गरेर लेखिएको समाचारचाहिँ समग्रमा १५.५ प्रतिशत छ जसमा अन्नपूर्ण पोस्टको ९ प्रतिशत, कान्तिपुरको ५.२ प्रतिशत र गोरखापत्रको १.३ प्रतिशत छ। २ वटा स्रोत प्रयोग गरेर लेखिएका समाचारको समग्र हिस्सा १९.५ प्रतिशत छ जसमा गोरखापत्रको ७.८ प्रतिशत, अन्नपूर्ण पोस्टको ६.५ प्रतिशत र कान्तिपुरको ५.२ प्रतिशत छ। त्यस्तै एउटा मात्रै स्रोत प्रयोग गरेर लेखिएको समाचार गोरखापत्रमा १०.४ प्रतिशत छ भने अन्नपूर्णमा ८ प्रतिशत र कान्तिपुरमा २.६ प्रतिशत छ। ५ भन्दा धेरै स्रोत प्रयोग गरिएका समाचारहरू धेरै हुनुले पत्रिकाहरूले यससम्बन्धी समाचारमा धेरै भन्दा धेरै स्रोत प्रयोग गरेर समाचारलाई विश्वसनीय बनाउने प्रयास गरेको देखिन्छ।

तालिका ८ : **सिसिटिभी काण्डसम्बन्धी समाचारहरूमा स्रोत उल्लेखको अवस्था**

| मिडियाको नाम | समाचारमा स्रोत उल्लेख | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ५ भन्दा बढी | जम्मा |
| अन्नपूर्ण पोस्ट | ८ | ६.५ | ९ | ६.५ | ३.९ | १०.३ | ४४.२ |
| कान्तिपुर | २.६ | ५.२ | ५.२ | ५.२ | ३.९ | १४.२ | ३६.३ |
| गोरखापत्र | १०.४ | ७.८ | १.३ | - | - | - | १९.५ |
| जम्मा | २१ | १९.५ | १५.५ | ११.७ | ७.८ | २४.५ | १०० |

*स्रोत : सिएमआर-नेपाल, २०८०*

## अज्ञात स्रोतको प्रयोग

सिसिटिभी काण्डसम्बन्धी विषयलाई लिएर प्रकाशित समाचारमा उल्लेखित ज्ञात र अज्ञात तथा अज्ञात स्रोत भनेर उल्लेख गरिएकोमध्ये ११ वटा समाचारलाई शतप्रतिशतमा लगेर हेर्दा अन्नपूर्ण पोस्टमा यस्ता समाचार ४५.५ प्रतिशत छ जसअनुसार एक ठाउँमा मात्रै अज्ञात स्रोत प्रयोग गरिएको समाचार १८.२ प्रतिशत छ भने अर्को १८.२ प्रतिशत समाचारमा २ ठाउँमा अज्ञात स्रोत प्रयोग गरिएको छ। त्यस्तै ३ ठाउँमा

अज्ञात स्रोत प्रयोग गरिएको समाचारको सङ्ख्याचाहिँ ९.१ प्रतिशत छ। त्यस्तै, कान्तिपुरमा प्रकाशित कुल अज्ञात समाचारमध्ये ५४.५ प्रतिशतमा अज्ञात स्रोत प्रयोग गरिएको छ। यी सबै समाचारमा १ ठाउँमा मात्रै अज्ञात स्रोत प्रयोग गरिएको छ। गोरखापत्र दैनिकमा प्रकाशित समाचारमा भने अज्ञात स्रोत प्रयोग गरिएको छैन।

तालिका ९ : **सिसिटिभी काण्डसम्बन्धी समाचारमा अज्ञात स्रोतको प्रयोग अवस्था**

| मिडियाको नाम | अज्ञात स्रोतको प्रयोग अवस्था | | | |
|---|---|---|---|---|
| | १ ठाउँ | २ ठाउँ | ३ ठाउँ | जम्मा |
| अन्नपूर्ण पोस्ट | १८.२ | १८.२ | ९.१ | ४५.५ |
| कान्तिपुर | ५४.५ | - | - | ५४.५ |
| गोरखापत्र | - | - | - | - |
| जम्मा | ७२.५ | १८.२ | ९.१ | १०० |

*स्रोत : सिएमआर-नेपाल, २०८०*

## मन्त्रीको निर्देशन

२०७९ जेठ ३० गते अन्नपूर्ण दैनिकले अन्नपूर्ण विशेष खोजअन्तर्गत पहिलो पृष्ठमा ब्यानर समाचार प्रकाशित गऱ्यो। जसको शीर्षक थियो- मध्य राति जब 'चुकुल' लाग्यो... । समाचारमा त्यतिबेलाको अवस्थाको चित्रण गर्दै लेखिएको थियो-

> *'भन्सारका पूर्व नायव सुब्बा रघुनाथ घिमिरेलाई जेठ १४ गते अबेला राति अर्थ मन्त्री जनार्दन शर्माले कार्यकक्षमा बोलाए। साथमा अर्का अज्ञात व्यक्ति थिए जसलाई मन्त्रीले 'सिए साप' भनेर चिनाए। र, कोठामा चुकुल लगाएर दुई सचिव, दुई सहसचिवलाई निर्देशन दिए, 'उहाँहरू विज्ञ हो, बजेटमा राजस्वका दर उहाँहरूले भनेअनुसार मिलाउनु।' उच्च अर्थ अधिकारीहरू निरीहतापूर्वक मान्न बाध्य भए। बिहानी*

*प्रहरमा राजस्वमाथि निर्ममतापूर्वक चलखेल भयो, मन्त्रीका 'विज्ञ' बाट ।*[२५]

सुरेन्द्र काफ्ले र ममता थापाले लेखेको समाचारमा पहिलो पृष्ठमा अर्थ मन्त्री जनार्दन शर्मा, अर्थसचिव मधुकुमार मरासिनी, राजस्व सचिव कृष्णहरि पुस्कर, बजेट तथा कार्यक्रम महाशाखा प्रमुख चक्रवहादुर बुढा, राजस्व व्यवस्थापन महाशाखाका प्रमुख भूपाल बराल र पूर्वनायव सुब्बा रघुनाथ घिमिरेको छुट्टाछुट्टै तस्बिर प्रकाशित थियो । दोस्रो पृष्ठमा प्रकाशित समाचारमा रघुनाथका बारेमा धेरै जानकारी राखिएको थियो । र, उनको पहुँचबारे उल्लेख गरिएको थियो। समाचारमा लेखिएको थियो-

*'सामान्यतः कनिष्ठ पदका राजस्वका कर्मचारीले सेवा अवधि करिब १० वर्ष बाँकी छँदा राजीनामा गर्दैनन् । 'रघुजी सानै पदमा भए पनि ठूला शक्तिसँग उठ्बस थियो। तर किन हो कुन्नि, उनी सुटुक्क सेवाबाट बाहिरिएका थिए', घिमिरे निकट स्रोत भन्छ, 'सत्ता परिवर्तन भयो। राजनीति फरक बाटोबाट हिँड्न थाल्यो। अनि, यतिबेला मन्त्रीको कक्षमा बजेट मिलाउने औकातसहित पो झुल्किए ।'*[२६] *अर्थतन्त्र बुझेका जो-कोहीले भन्छन्, यो बजेट सेटिङमा ल्याइएको छर्लंगै छ । निजी क्षेत्रका व्यापारिक घरानालाई फाइदा र बेफाइदा हुने गरी हदैसम्म मिलाइएको छ । 'लाभ पुऱ्याउनुपर्ने तिनै व्यापारिक घरानाका प्रतिनिधि थिए अर्थ मन्त्रीका खेताला विज्ञ', स्रोत भन्छ, 'बजेटमा राजस्वका दर अघिल्लो राति अबेला मिलाइने गरिन्छ । त्यही भएर ती पात्र त्यहाँ खटाइएका हुन् ।'*[२७]

तर यहाँनेर निजी क्षेत्रका व्यापारिक घराना भनेर कसलाई भन्न खोजिएको भन्ने प्रष्ट छैन। समाचारमा अर्थ मन्त्रालमा आएका भनिएका २ जनालाई खेताला 'विज्ञ' को उपमा दिइएको छ। समाचारमा विज्ञका

---

२५ काफ्ले, सुरेन्द्र र थापा, ममता । २०७९, जेठ ३० । मध्य राति बजेटमा जब चुकुल लाग्यो । अन्नपूर्ण पोस्ट, पृ १ ।

२६ ऐ.ऐ.

२७ ऐ.ऐ.

रूपमा २ जनाको प्रवेश भएको लेखिए पनि १ जनाको जानकारी खुलाइएको तर अर्का व्यक्तिबारे भने प्रष्ट पारिएको पाइँदैन–

> *'अर्थ मन्त्रीले 'सिए साप' भनेका ती अज्ञात व्यक्ति खासमा को थिए ? मन्त्रालयका उच्च अधिकारीहरूसमेतले चिन्न सकेनन् । खास ती सिए नै थिए वा अरू कोही, त्यो पनि खुलेको छैन । त्यसमै रहेका एक अधिकारी भन्छन्, 'चिनिएन । राजस्व दर मिलाउने काममा पनि उनी त्यति सक्रिय देखिएनन्, जति रघुनाथ घिमिरे सक्रिय रहे ।'* [२८]

## ११ वटा क्षेत्रमा चलखेलको आरोप

बजेटमा विशेषगरी ११ वटा क्षेत्रमा चलखेल गरेको आरोप लगाइएको थियो । विद्युतीय गाडीमा चौधरी ग्रुपलाई नाफा हुने र विशाल ग्रुपलाई घाटा हुने लेखिएको थियो –

> *'चालु आवमा सबै विद्युतीय सवारीका लागि भन्सार शुल्क १५ प्रतिशत लाग्दै आएको छ । बजेटले १०० देखि २०० किलोवाटसम्म ३०, २०१ देखि ३०० सम्म ४५ र ३०० भन्दा बढीमा ६० प्रतिशत पुऱ्याएको छ । हेर्दा जनप्रिय जस्तो देखिए पनि यसको नेपथ्यमा एउटा नियत देखिन्छ– निश्चित व्यापारिक घरानालाई लाभ र निश्चितलाई हानि पुऱ्याउने । बजेटसँगै चौधरी ग्रुपले नेटा भी कार नेपाली बजारमा भित्रयाएको छ । यो ७० किलोवाटको छ । यसलाई अन्त:शुल्क र भन्सारको वृद्धि लागु हुँदैन । एमजीको विद्युतीय कार पछिल्लो वर्ष नेपाली बजारमा खुबै चल्यो । यसको आयातकर्ता विशाल ग्रुप हो । यो १३० किलोवाटको छ । यसले ५ सय कार बुक गरिसकेको थियो जुन आउँदा ह्वात्तै मूल्य बढ्ने भएको छ ।'* [२९]

---

[२८] काफ्ले, सुरेन्द्र र थापा, ममता । २०७९, जेठ ३० । मध्य राति बजेटमा जब चुकुल लाग्यो । अन्नपूर्ण पोस्ट, पृ २ ।

[२९] ऐ.ऐ.

किन त्यसो गरिएको भन्ने सन्दर्भमा त्यतिबेला आन्तरिक राजस्व विभागमा महानिर्देशक रहेका रितेशकुमार शाक्यको भनाइ पनि राखिएको थियो-

*'ठूला, महँगा, विलासीताका रूपमा प्रयोग गरिने विद्युतीय गाडी आयातले करोडौँ विदेशी मुद्रा ह्वात्तै घट्छ। मुद्रा बाहिरिन्छ। यस्ता विद्युतीय गाडीहरू टन्नै आएका छन्। छूट दिँदा झन् थुप्रिन्छन्। यो विलासिताको क्षेत्र हो।'*[३०]

त्यसैगरी चौधरी ग्रुपलाई नै फाइदा हुने गरी वाइवाइ चाउचाउमा प्रयोग गरिने पाम र पामोलियन तेलको भन्सार महसुल १५ प्रतिशतबाट ५ प्रतिशत कायम गरिएको, स्यानिटरी प्याड आयातमा लाग्दै आएको भन्सार महसुलमा ९० प्रतिशत छूट प्रदान गर्ने व्यवस्था गरिएको, टायल्समा १० प्रतिशत भन्सार बढाइएको, जुत्ताको भन्सार ३० प्रतिशतबाट ४० प्रतिशत बनाइएको, जिआइ वायर आयातमा भन्सार दर ५ प्रतिशतबाट बढाएर १० प्रतिशत पुऱ्याइएको पनि समाचारमा उल्लेख गरिएको थियो।[३१]

यसैगरी १० करोड वाट भन्दा बढी बिजुली खपत गर्ने उद्योगलाई २ देखि १५ प्रतिशतसम्म विद्युत् महसुल छूट गर्ने व्यवस्था गरिएको, जुत्ता, पानी, फलाम, सिमेन्टमा ८ प्रतिशत निकासी अनुदान दिइएको, उद्योग व्यवसाय वा प्रतिष्ठानका नाममा रहेको हदबन्दी भन्दा बढी जग्गा धितो राखी कर्जा लिन, व्यवसाय टाट उल्टेमा बिक्री गरी सरकारी राजस्व तिर्न र बैङ्क तथा वित्तीय संस्थाको कर्जा भुक्तानी गर्न पाउने व्यवस्था गरिएको, स्वास्थ्य बिमाको जिम्मा कम्पनीलाई दिने व्यवस्था गरिएको उल्लेख थियो।[३२]

## अर्थको खण्डनलाई स्थान दिइएन

अन्नपूर्ण पोस्ट दैनिकमा समाचार प्रकाशित भएपछि सनसनी मच्चियो। त्यसपछि समाचार प्रकाशित भएकै दिन जेठ ३० मै अर्थ मन्त्रालयले

---

३० काफ्ले, सुरेन्द्र र थापा, ममता। २०७९, जेठ ३०। मध्य राति बजेटमा जब चुकुल लाग्यो। अन्नपूर्ण पोस्ट, पृ २।

३१ ऐ.ऐ.

३२ ऐ.ऐ.

समाचारको खण्डन गर्दै प्रेस विज्ञप्ति जारी गऱ्यो । प्रेस विज्ञप्तिमा लेखिएको थियो-

*'आर्थिक वर्ष २०७९/८० को बजेट तर्जुमाका क्रममा (१-४ जेठ, २०७९) माननीय अर्थ मन्त्री सामान्यत: सूचीकृत दैनिक औपचारिक कार्यक्रमबाहेक हरेक दिन बिहान ७:३० बजे मन्त्रालय आउने र राति अबेरसम्म रही बजेटलाई अन्तिम रूप दिने सन्दर्भमा १४ जेठ, २०७९ मा समेत बिहानैदेखि मन्त्रालयमा माननीय अर्थ मन्त्रीको नेतृत्वमा सचिव, सचिव (राजस्व) र मन्त्रालयका सम्बन्धित महाशाखा प्रमुखहरू तथा भन्सार विभाग र आन्तरिक राजस्व विभागका महानिर्देशकसमेतको सहभागितामा विनियोजन विधेयक, आर्थिक विधेयक, राष्ट्र ऋण तथा जमानत विधेयकलगायतका बजेटसँग सम्बन्धित विषयहरू तयारी भएको र यस प्रक्रियामा तोकिएका जिम्मेवार पदाधिकारीबाहेक अरू कसैको सहभागिता नरहेको सबैमा जानकारी गराउँदछौँ ।*[३३]

मन्त्रालयले तथ्य र तर्क भन्दा टाढा रहेर समाचार प्रकाशित गरेको भन्दै खेद प्रकट गऱ्यो-

*'मुलुकको अर्थतन्त्रको विकास र सुधारका विषयमा निरन्तर क्रियाशील रहनुभएका माननीय अर्थ मन्त्रीका बारेमा भ्रम सिर्जना हुने गरी तथ्य र तर्क भन्दा टाढा रही कपोलकल्पित र भ्रमपूर्ण विषय राखी समाचार प्रकाशित हुनु खेदजनक छ ।'*[३४]

२०७९ साल जेठ ३१ गते अन्नपूर्ण पोस्ट दैनिकमा 'विपक्षी सांसदले मागे अर्थ मन्त्रीको राजीनामा' शीर्षकमा समाचार प्रकाशित भयो। त्यसमा एमाले सांसद योगेश भट्टराई र महेश बस्नेतद्वारा संसद्को बैठकमा व्यक्त विचारलाई आधार बनाइएको थियो । समाचारमा अर्थ मन्त्रीको कार्य राष्ट्रहित विपरित रहेकाले राजीनामा दिनुपर्ने र प्रधानमन्त्रीको समेत ध्यानाकर्षण हुनुपर्ने सांसद भट्टराईको भनाइ समेटिएको पाइन्छ-

---

[३३] अर्थ मन्त्रालयद्वारा २०७९ साल जेठ ३० गते प्रकाशित प्रेस विज्ञप्ति ।

[३४] ऐ.ऐ.

*'आज हामीले सुन्यौँ, पढ्यौँ, जेठ १४ गते मध्य रातमा करका दर कसरी हेरफेर भए भन्ने कुरा प्रष्ट थाहा भयो। सञ्चार माध्यमले लेख्नुअघि पनि हामीले यो विषयलाई उठाएकै थियौँ। अहिले पुष्टि नै भयो,' उनले थपे, 'विद्युतीय सवारी साधन र स्यानिटरी प्याडलगायतका सामग्रीको करमा ठूलो चलखेल भएको रहेछ। अनधिकृत कर्मचारी बजेट निर्माणमा छिराएर करको दर तोकिएछ। यो विषयमा अर्थ मन्त्रीले जवाफ दिनुपर्छ। प्रधानमन्त्रीको ध्यानाकर्षण हुनुपर्छ।'*[३५]

अर्थ मन्त्रीको अनर्थ कार्यशैली 'शीर्षकको सम्पादकीयमा बजेट निजी क्षेत्रको लाभ/हानिको फेहरिस्त बनेको उल्लेख गर्दै भनिएको छ-

*'कर तिरौँ-तिरौँ लाग्ने वातावरण बनाएर व्यापार-उद्योगलाई प्रोत्साहन गर्नुपर्थ्यो। अर्थतन्त्र चलायमान हुने, राजस्वसमेत थपिने उपाय खोज्न सक्नुपर्थ्यो। तर, ठीक उल्टो भयो। कुनै घराना च्यापिएका छन्, कुनै सेपिएका छन्। बजेट एक ढङ्गले निजी क्षेत्रको लाभ-हानिको फेहरिस्त बनेको छ। मुख्य कुरा स्वार्थ समूहको प्रभाव देखिने बजेट आएको छ। त्यो अर्थ मन्त्रीको अनर्थ शैली हो।'*[३६]

समाचार र सम्पादकीय लेखिए पनि अन्नपूर्ण पोस्ट दैनिकमा अर्थ मन्त्रालयले समाचार खण्डन गर्दै जारी गरेको प्रेस विज्ञप्तिलाई भने स्थान दिएको पाइएन।

त्यसो त समाचार र त्यस विषयसँग जोडिएको विभिन्न पक्षलाई फ्लोअप गरेको पाइन्छ। अन्नपूर्ण पोस्टले २ महिनामा ३१ दिन कुनै न कुनै सामग्री प्रकाशित गरेको पाइन्छ। अन्नपूर्ण पोस्ट दैनिकले राजस्व दरमा हेरफेर गरिएको, विपक्षीहरूले अर्थ मन्त्रीको राजीनामा मागेको, बजेटमा भएको चलखेलले गर्दा संसद् बैठक अवरुद्ध भएको, त्यसबारे विज्ञहरूको

---

[३५] चापागाईँ, तारा। २०७९, जेठ ३१। विपक्षी सांसदले माग अर्थ मन्त्रीको राजीनामा। अन्नपूर्ण पोस्ट, पृ १।

[३६] अर्थ मन्त्रीको अनर्थ कार्य (सम्पादकीय)। २०७९, जेठ ३१। अन्नपूर्ण पोस्ट, पृ. ५।

प्रतिक्रिया, प्रतिस्थापन विधेयक पनि पूर्वनासु घिमिरेले चलाएको, सिसिटिभी फुटेज मेटाउन सर्वदलीय साथ रहेको विषय उठान गरेको पाइन्छ ।

यस्तै, अर्थ मन्त्रालयले सिसिटिभी फुटेज मेटाएको, अर्थ मन्त्रीमाथि माओवादीभित्र पनि छानविनको माग गरिएको, छानविनका लागि संसदीय छानविन समिति माग गरिएको, राजीनामा दिन अर्थ मन्त्रीलाई चौतर्फी दबाब सिर्जना भएको, अर्थसचिवले बिदा लिएको, अर्थ मन्त्रीले राजीनामा दिएको विषयमा पनि अन्नपूर्णमा रिपोर्टिङ गरिएको थियो ।

संसदीय छानविन समितिमाथि प्रश्न उठेको, छानविन समितिले अर्थ मन्त्रालय निरीक्षण गरेको, सिसिटिभी फुटेज नपाएको, सिसिटिभी योजनाबद्धरूपमा मेटाएको, छानविन समितिले अर्थ मन्त्रीसँग बयान लिएको, फरेन्सिक ल्याबको रिपोर्ट नै सन्दिग्ध भएको, छानविन समितिमा मतभेद भएको, संसदीय छानविनमाथि प्रश्नै प्रश्न उठेको, अपुरो छानविनका भरमा शर्मा अर्थ मन्त्रालयमा पुनः आएको, अर्थ सचिवमा कृष्णहरि पुस्कर आएकोलगायतका विषय उठान गरेको पाइन्छ ।

अन्नपूर्ण पोस्टमा समाचार प्रकाशित भएपछि त्यसलाई कान्तिपुर दैनिकले अर्को दिनदेखि प्रकाशित गर्न थालेको देखिन्छ । २०७९ साल जेठ ३१ गते कान्तिपुर दैनिकको तेस्रो पृष्ठमा अर्थ मन्त्री शर्मा फेरि विवादमा शीर्षकमा समाचार प्रकाशित भएको थियो जसमा अन्नपूर्ण पोस्ट दैनिकले समाचार खुलासा गरेको लेखिएको थियो-

> *'शृंखलाबद्ध विवादास्पद काम गरिरहेका अर्थ मन्त्री जनार्दन शर्मा फेरि विवादमा तानिएका छन् । बजेट निर्माणको अन्तिम दिन अर्थ मन्त्रालयमा अनधिकृत व्यक्तिलाई प्रवेश गराई राजस्वका दर हेरफेर गरेको विषयबारे अन्नपूर्ण पोस्ट दैनिकले सोमबार खुलासा गरेपछि अर्थ मन्त्री शर्मा थप विवादमा तानिएका हुन् ।'*[३७]

कान्तिपुर दैनिकले अन्नपूर्ण पोस्टले सार्वजनिक गरेको विवरणअनुसार भन्दै बजेटमा राजस्वका दर हेरफेर भएका विषय उठान गरेको पाइन्छ ।

---

[३७] अर्थ मन्त्री शर्मा फेरि विवादमा । २०७९, जेठ ३१ । कान्तिपुर, पृ. ३ ।

कान्तिपुर दैनिकमा यस विषयबारे पूर्वअर्थ मन्त्री डा. देवेन्द्रराज पाण्डेको भनाइ राखिएको थियो जसमा पाण्डेले भनेका थिए-

*'नेपालको अर्थ प्रशासन तथा बजेट निर्माणमा यति गम्भीर घटना न भूत हो न भविष्य ... हामीले एउटा अनुमान गर्न सक्छौँ- कुनै-कुनै अर्थ मन्त्रीले सम्बन्धित व्यापारीको घरमा गएर सल्लाह गर्न सक्छन् तर अर्थ मन्त्रालयमै अर्को मान्छे बोलाएर यस्तो गर्न सक्दैनन् ।'*[३८]

कान्तिपुर दैनिकमा २ महिनामा २९ दिन यस विषयसँग जोडिएका कुनै न कुनै सामग्री प्रकाशित भएको पाइन्छ ।

कान्तिपुर दैनिकले संसदीय छानविन समितिको माग, अर्थ मन्त्री छानविनविनै बजेट पारित, अर्थ मन्त्रीको राजीनामा माग्दै उद्योगी र मजदूर आन्दोनलमा, अर्थ मन्त्री हटाउन प्रधानमन्त्रीमाथि दबाब, सिसिटिभी फुटेज मेटाउनेलाई ४ वर्ष कैद हुन सक्ने, चौतर्फी दबाबपछि अर्थ मन्त्रीको बहिर्गमन, छानविन समितिलाई सिंहदरबारको गेटदेखिकै फुटेज हेर्न सुझाव, छानविन समिति अर्थ मन्त्रालयमा, शर्माद्वारा अनधिकृत व्यक्तिको संलग्नता अस्वीकार, पूर्वअर्थ मन्त्री शर्माको कल डिटेल हेर्न सत्तापक्षको अवरोध र पूर्वमन्त्री शर्मालाई सुनियोजित सफाइका विषय उठाएको पाइन्छ ।

यसैगरी सफाइ दिन फरक मतको साथ, शर्मालाई उन्मुक्ति दिन अनुसन्धानमा उल्टो विधि, छानविन समितिको निरीहता, अधुरा काम फत्ते गर्न फर्काइए शर्मा, संसदीय छानविन समिति : नेता शुद्धीकरण संयन्त्र, अर्थहीन छानविन समितिलगायतका विषय कान्तिपुर दैनिकले उठाएको थियो ।

गोरखापत्रले भने तुलनात्मकरूपमा कम फ्लोअप गरेको पाइन्छ । २ महिनामा गोरखापत्र दैनिकमा १५ दिन कुनै न कुनै सामग्री प्रकाशित भएका छन् । अन्नपूर्ण पोस्ट दैनिकले समाचार प्रकाशित गरेको तेस्रो दिन असार १ गतेको गोरखापत्र दैनिकमा एमालेको अवरोधले बैठक स्थगित शीर्षकमा समाचार प्रकाशित भएको पाइन्छ-

---

[३८] अर्थ मन्त्री शर्मा फेरि विवादमा । २०७९, जेठ ३१ । कान्तिपुर, पृ. ३ ।

*'प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले बजेटको गोपनीयता भंगको विषय छानविनको माग गर्दै प्रतिनिधिसभाको बैठक अवरुद्ध गरेको छ ।'*[३९]

गोरखापत्र दैनिकमा एमालेको अवरोधले बैठक स्थगित भएको, विनियोजन विधेयक पारित भएको, अर्थ मन्त्री शर्माले राजीनामा दिएको, निष्पक्ष छानविनको अपेक्षा गरिएको, समितिले सिसिटिभी फुटेज मागेको, समितिले सिसिटिभी फुटेज नपाएको, फुटेज रिकभर गर्न फरेन्सिक ल्याब पठाइने भएको, शर्माले अभियोग अस्वीकार गरेको, कल डिटेल माग्नेबारे समितिमा विवाद भएको, सिसिटिभी फुटेजबारे प्रहरीले प्रतिवेदन बुझाएको, छानविन समिति सुराकबिहीन भएको विषय उठाएको पाइन्छ । त्यसैगरी समितिमा एमालेको फरक मत, बजेट निर्माणमा अनधिकृत व्यक्ति प्रवेश नगरेको निष्कर्ष आएको, शर्मा पुन अर्थ मन्त्री भएको, अर्थ मन्त्रीप्रति न्यायलगायतका सामग्रीले स्थान पाएको देखिन्छ ।

## दबाब सिर्जना गर्ने प्रयास

बजेटमा राजस्वका दर हेरफेरसम्बन्धी पहिलो पटक समाचार सार्वजनिक भएपछि अन्नपूर्ण पोस्टले अर्थ मन्त्रीमाथि थप दबाब सिर्जना गर्नेखालका सामग्रीलाई स्थान दिएको पाइन्छ । २०७८ साल जेठ ३१ गते अन्नपूर्ण पोस्ट दैनिकको पहिलो पृष्ठमा विपक्षीले मागे अर्थ मन्त्रीको राजीनामा शीर्षकमा समाचार प्रकाशित भएको थियो । जसमा लेखिएको थियो-

*'बजेटमा करको दर परिवर्तन गर्दा अर्थ मन्त्री जनार्दन शर्माले अनधिकृत व्यक्तिलाई प्रयोग गरेको भन्दै एमाले सांसदहरूले उनको राजीनामा माग गरेका छन् । प्रतिनिधिसभाको सोमबार बसेको बैठकमा विशेष समय लिएर बोल्दै एमाले सचिव तथा प्रतिनिधिसभा सदस्य योगेश भट्टराईले अर्थ मन्त्रीले बजेट निर्माणमा राष्ट्रघात नै गरेको बताए । भने, 'आज सञ्चारमाध्यमले स्पष्टरूपमा अर्थ मन्त्रीले अनाधिकृत व्यक्तिको*

[३९] एमालेको अवरोधले बैठक स्थगित । २०७९, असार १ । गोरखापत्र दैनिक, पृ. २ ।

*प्रयोग गरेर करको दरमा हेरफेर गरेको कुरालाई खुलाएको छ। अर्थ मन्त्रीले गोपनीयता भंग गर्दै बजेट निर्माणमा अमुक व्यक्ति किन घुसाउनुभयो ? यसो हुनु भनेको जनघात मात्रै होइन, राष्ट्रघात पनि हो।'*[४०]

त्यसैगरी बजेट चलखेलले संसद् अवरुद्ध, विज्ञ भन्छन्- 'बजेट सेटिङ अक्षम्य अपराध, अर्थ मन्त्रीमाथि पेचिलो प्रश्न, दण्डको भागीदार अर्थ मन्त्री, अर्थ मन्त्रीलाई कारबाही होस्, अर्थ मन्त्रीमाथि माओवादीमै छानविन माग, अर्थ मन्त्रीमाथि संसदीय छानविन होस्- ओली, बदमासी छोप्न अर्को बदमासी, राजीनामा दिन अर्थ मन्त्रीलाई चौतर्फी दबाब, बजेटमा चलखेलबारे छानविन होस्- योजनाविद् शीर्षकमा अन्नपूर्ण पोस्टले सामग्रीहरू प्रकाशित गरेको थियो।

२०७८ साल असार २३ गते अर्थसचिवको बिदाले मोडियो परिस्थिति शीर्षकमा समाचार प्रकाशित भएको पाइन्छ जसमा सचिवको बिदाले गर्दा मन्त्री राजीनामा दिन बाध्य भएको लेखिएको थियो-

*'अर्थ मन्त्री जनार्दन शर्मामाथि राजीनामाको चौतर्फी दबाब थियो। तर, उनी नगर्ने अडानमा थिए। बुधबार बिहानै परिस्थितिले एकाएक फरक मोड लियो, जब अर्थसचिव मधुकुमार मरासिनी बिदामा बसिदिए। बालुवाटार स्रोतका अनुसार प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटी उनले 'शर्मा अर्थ मन्त्री रहुन्जेण्ल' नफर्किने अवगतसमेत गराए। र, मन्त्री शर्मा र मुख्यसचिव शंकरदास वैरागीलाई भेटी 'अनिश्चितकालीन' बिदा लिए। शर्मासँग घनिष्ट सम्बन्ध रहेका मानिएका सचिव मरासिनी अचानक कसरी 'यु-टर्न' भए ? अर्थका उच्च अधिकारीहरूका अनुसार 'सिसिटिभी फुटेज १३ दिनमै मेटियो' भन्ने पत्र लेख्न लगाएको विषयमा उनी मन्त्रीसँग असन्तुष्ट थिए। उपभोक्ता हित संरक्षण मञ्चले सूचनाको हक प्रयोग गर्दै जेठ १४ र अघिल्लो भदौ २४ गते रातिका सिसिटिभी फुटेज मागेको*

[४०] चापागाईं, तारा। विपक्षी सांसदले मागे अर्थ मन्त्रीको राजीनामा। २०७९, जेठ ३१। अन्नपूर्ण दैनिक, पृ. १।

*थियो । त्यसमा अर्थका शाखा अधिकृत धनकुमार राईले हस्ताक्षर गरेर मेटिइसकेको जवाफ पाएका थिए । दिनभर उच्च तहका कर्मचारीले नै विद्रोह गरेपछि अर्थ मन्त्री हतासमा थिए । शर्माले वरिष्ठतम् सहसचिवलाई निमित्त दिने योजना बनाए पनि शर्मा, बराललगायत सहसचिव हच्किए । मन्त्रालयको प्रतिकूल अवस्था र छानबिन समितिसमेत गठनपछि अर्थ मन्त्री शर्मा राजीनामा दिन बाध्य भएका हुन् । मंगलबार बेलुकासम्म राजीनामा दिने मुडमा थिएनन् ।* [४१]

कान्तिपुर दैनिकले अर्थ मन्त्री प्रकरणमा संसदीय छानविन माग र अर्थ मन्त्री शर्मामाथि छानविनबिनै बजेट पारित शीर्षकमा समाचार प्रकाशित गरेको थियो भने अर्थ मन्त्री शर्मा किन दण्डित हुनुपर्छ ? भन्ने शीर्षकमा सम्पादकीय प्रकाशित गरेको पाइन्छ-

*'राजकाजसम्बन्धी सामान्य समझ हुने व्यक्तिलाई पनि थाहा हुन्छ, राज्यले नचिनेका मानिसले यसरी बजेट चलाउन पाउँदैन, यो तथ्यको हेक्का स्वयं अर्थ मन्त्रीलाई नहुने त कुरै भएन । तैपनि उनले किन यसो गरे भन्ने विषय अनुसन्धेय छ । राज्यका सम्बन्धित निकायहरूले यसबारे मिहिन ढंगले अनुसन्धान गर्नुपर्छ । खासगरी यसमाथि संसदीय छानबिन नै हुनुपर्छ । अर्थ मन्त्रीले यो प्रकरणलाई 'अत्यन्त भ्रामक, कपोलकल्पित, एउटा झुटा कथा' भनेका छन्, त्यसैले सुरुमा यसको सत्यता स्थापित गर्नकै निम्ति अनुसन्धान केन्द्रित हुनुपर्छ । त्यसका निम्ति उक्त समयको मन्त्रालयको सिसिटिभी फुटेजको जाँच गरिनुपर्छ । कथं त्यतिबेलाको सिसिटिभी फुटेज हटाइएको रहेछ भने उक्त कार्यमा संलग्नहरूउपर पनि अनुसन्धान हुनुपर्छ । र त्यसपछि, अर्थ मन्त्रीले बजेट निर्माणमा घुसाएका व्यक्तिहरूले अवाञ्छितरूपमा कुन-कुन करको दर चलाए ? त्यसबाट को-को व्यापारीलाई कति फाइदा भयो,*

---

[४१] सुवेदी, तुलसी । अर्थसचिवको बिदाले मोडियो परिस्थिति । २०७९, असार २३ । अन्नपूर्ण पोस्ट , पृ. १ ।

*कसैलाई हानि पनि भयो कि ? र राज्यले कति राजस्व गुमाउनुपऱ्यो ? यी सबै विषयमा खोजबिन गरी आवश्यक कदमहरू चालिनुपर्छ ।'*[४२]

त्यसैगरी कान्तिपुर दैनिकले अर्थ मन्त्रीको राजीनामा माग्दै उद्योगी र मजदूर आन्दोलित शीर्षकमा समाचार प्रकाशित गरेको पाइन्छ। २०७९ साल असार २१ गते गोरखापत्र दैनिकले छानविन समिति गठनको माग शीर्षकमा समाचार प्रकाशित गरेको पाइन्छ ।

## प्रधानमन्त्रीमाथि प्रश्न

मिडियामा जनार्दन शर्मालाई अर्थ मन्त्रीबाट नहटाएकोमा सरकारको नेतृत्व र पार्टीमाथि प्रश्न उठाएको पाइन्छ । २०७९ साल असार २१ गते बदमासी छोप्न अर्को बदमासी शीर्षकमा अन्नपूर्ण पोस्ट दैनिकमा सम्पादकीय प्रकाशित भएको थियो। जसमा सरकारले जानाजान नै फुटेज गायब पारेको उल्लेख छ-

*'नागरिक समुदाय सिसिटिभीको जुन फुटेज खोजिरहेको छ, त्यसलाई राज्यले जानाजान गायब पारेको छ ।'*[४३]

सोही सम्पादकीयमा राजनीतिक दलहरूमाथि पनि प्रश्न उठाइएको छ । जसमा लेखिएको छ-

*'राष्ट्रिय सरोकारका मुद्दामा विभिन्न दलका शीर्ष नेताहरूबीच मतभेद मात्र होइन, झगडै हुन्छ। राष्ट्रदोहन गर्ने र जनहित प्रतिकूल निर्णयमा भने तत्काल मतैक्य हुन्छ। अमूक शक्तिको अमूक प्रस्तावमा सबैको साथ मिल्छ । दलहरूको राजनीतिक चरित्र र आर्थिक छवि ह्रास हुँदै गएको छ । 'सर्पले सर्पको खुट्टा देख्छ' भनेझैँ अर्काको बदमासीमा धेरै आपत्ति जनाए*

[४२] अर्थ मन्त्री शर्मा किन दण्डित हुनुपर्छ ? (सम्पादकीय । २०७९, असार ३ । कान्तिपुर दैनिक, पृ. ६ ।

[४३] बदमासी छोप्न अर्को बदमासी (सम्पादकीय) । २०७९ असार २१ । अन्नपूर्ण पोस्ट, पृ.५ ।

*आफ्ना बदमासी पनि उदांगिने त्रास उनीहरूमा छ । त्यही भएर यस्ता घटनामा तैँ चुप मै चुप हुँदै आएका हुन् ।'* [४४]

कान्तिपुर दैनिकमा २०७९ साल असार २१ गते अर्थ मन्त्री हटाउन प्रधानमन्त्रीमाथि दबाब शीर्षकमा समाचार प्रकाशित भएको थियो। जसमा लेखिएको थियो-

*'एकपछि अर्को विवादास्पद गतिविधिमा मुछिएका अर्थ मन्त्री जनार्दन शर्मालाई तत्काल पदबाट बर्खास्त गर्न प्रधानमन्त्री शेरबहादुर देउवामाथि चौतर्फी दबाब बढेको छ। प्रमुख प्रतिपक्षी दल, नागरिक अगुवाका साथै सत्तारुढ दलका नेता/कार्यकर्तासमेतले अर्थ मन्त्री शर्मालाई हटाउन प्रधानमन्त्री देउवासँग माग गरिरहेका छन्। सामाजिक सञ्जालमा पनि अर्थ मन्त्री र उनका विवादास्पद गतिविधिको आलोचना भइरहेको छ।'* [४५]

यो समाचारमा एमाले अध्यक्ष केपी शर्मा ओलीको भनाइ राखिएको छ-

*'प्रधानमन्त्री लाचार हुनुभएको हो? केही गर्न नसक्ने अवस्थामा पुग्नुभएको हो? कि गठबन्धन जोगाएपछि पुग्छ? देश बर्बाद होस्, जहाँसुकै पुगोस्? गठबन्धनमाथि धराप पर्छ एउटा मन्त्रीमाथि प्रश्न उठ्दा?' ओलीले प्रतिनिधिसभा बैठकमा भने, 'मन्त्रीतिर जान चाहन्नँ। अब निष्पक्ष देखिने समिति गठन गरेर छानबिन गर्नुपर्छ। छानबिन समितिको प्रतिवेदनसहित प्रधानमन्त्री यस सम्मानित सदनमा आउनुपर्छ।'* [४६]

त्यसैगरी नेपाली कङ्ग्रेसका महामन्त्रीले अर्थ मन्त्री हटाउन प्रधानमन्त्रीलाई आग्रह गरेको भनाइ पनि समाचारमा उल्लेख छ-

---

[४४] बदमासी छोप्न अर्को बदमासी (सम्पादकीय)। २०७९ असार २१। अन्नपूर्ण पोस्ट, पृ.५ ।

[४५] जोशी, हेमन्त र महरा, जयसिंह। अर्थ मन्त्री हटाउन प्रधानमन्त्रीमाथि दबाब। २०७९ असार २१। कान्तिपुर दैनिक, पृ. १।

[४६] ऐ.ऐ.

*'कांग्रेस महामन्त्री थापाले सिसिटिभी फुटेज 'डिलिट' गरिएपछि अर्थ मन्त्री शर्मामाथि शंका उठेको र बजेटमा करका दर चलाउने विषयलाई सामान्य त्रुटि मान्न नमिल्ने बताए। 'प्रधानमन्त्री तत्काल एक्सनमा जानुपर्छ। यत्रो विषय संसद्मा उठ्यो, बाहिर उठ्यो। हो, होइन मलाई थाहा छैन। तर यो विषय उठिसकेपछि कि अर्थ मन्त्रीले अहिले राजीनामा दिनुपर्छ कि प्रधानमन्त्रीजीले उहाँलाई अहिल्यै हटाउनुपर्छ। अर्थ मन्त्रीमाथि तत्काल छानबिन गर्नुपर्छ,' संसद् भवनबाट बाहिरिँदै गर्दा थापाले भने।'*[४७]

२०७८ साल असार २२ गते कान्तिपुर दैनिकमा अर्थमा अनर्थ: प्रधानमन्त्री नै साझेदार शीर्षकमा समाचार प्रकाशित भएको थियो। जसमा लेखिएको थियो-

*'प्रधानमन्त्री शेरबहादुर देउवा र सत्ता साझेदार माओवादी अध्यक्ष पुष्पकमल दाहालले अर्थ मन्त्रालयबाट जनार्दन शर्मालाई किन बिदा गरेका छैनन्? के यो गठबन्धनको राजनीति मात्र हो? मन्त्रिपरिषद्कै सदस्य र अर्थका अधिकारीहरू भन्छन्, यसमा राजनीतिकभन्दा पनि वित्तीय गठबन्धन बलियो छ।'*[४८]

कङ्ग्रेस नेता शेखर कोइरालाले पनि प्रधानमन्त्रीले एक्सन लिनुपर्नेमा जोड दिएका थिए-

*'अर्थ मन्त्रीका विषयमा प्रधानमन्त्री र साझेदार दलको मौनताले देशकै प्रतिष्ठा दाउमा लागेको बताउँछन् कांग्रेस नेता शेखर कोइराला, यस्तो गम्भीर घटनालाई ढाकछोप गर्न खोजियो भने मुलुकको इज्जत मात्रै होइन, अन्तर्राष्ट्रिय साख पनि गिर्नेवाला छ, यसले मुलुकको प्रणाली ध्वस्त बनाउँछ, गलत नजिर बस्छ,'*

---

[४७] जोशी, हेमन्त र महरा, जयसिंह। अर्थ मन्त्री हटाउन प्रधानमन्त्रीमाथि दबाब। २०७९ असार २१। कान्तिपुर दैनिक, पृ. १।

[४८] न्यौपाने, कुलचन्द्र र आचार्य, कृष्ण। अर्थमा अनर्थ : प्रधानमन्त्री नै साझेदार। २०७९ असार २२। कान्तिपुर दैनिक, पृ.१।

*कोइरालाले कान्तिपुरसँग भने, 'अर्थ मन्त्रीले राजीनामा नदिए तत्काल प्रधानमन्त्रीले एक्सन लिनुपर्छ ।'*[४९]

असार २२ गते कान्तिपुर दैनिकले प्रधानमन्त्री देउवातर्फ सोझिएको नैतिक प्रश्न शीर्षकमा सम्पादकीय प्रकाशित गरेको थियो जसमा लेखिएको थियो-

*'आर्थिक अपराधको संगीन आरोप लाग्दा पनि जसरी राज्यको अर्थतन्त्रको बागडोर सम्हालेका अर्थ मन्त्री जनार्दन शर्मा टसको मस भएका छैनन् र उल्टो अर्थ मन्त्रालयको सिसिटिभी फुटेज 'मेटिएको' जस्ता थप तथ्य सार्वजनिक भएका छन्, यसबाट स्वाभाविक रूपमा यस मामिलासम्बन्धी नैतिक प्रश्न अब सोझै प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष सोझिएको छ ।'*[५०]

सम्पादकीयमा प्रधानमन्त्रीले अर्थ मन्त्रीमाथि एक्सन नलिए प्रधानमन्त्रीलाई नै जोखिम हुने लेखिएको थियो-

*'केही गरी अर्थ मन्त्रीमाथि कारबाहीको कुनै पनि कदम चालिएन र यसबारे छानबिन पनि गराइएन भने स्वतः प्रस्ट हुन्छ- यस काण्डमा अर्थ मन्त्री एक्लैको मात्र संलग्नता छैन; यो सब मिलेमतोमा भएको हो, र अर्थ मन्त्री खालि निमित्त नायक हुन् । प्रधानमन्त्री देउवा र अध्यक्ष दाहाल दुवैले बुझ्नुपर्छ- जतिसुकै विवादमा पर्दा पनि उनलाई संरक्षण दिइरहनु भनेको यो सम्पूर्ण काण्ड उनीहरूबाट पनि अनुमोदित हुनु हो । त्यस्तो अवस्थामा स्वाभाविक रूपमा उनीहरू पनि दोषभागी हुनुपर्छ । आशा गरौं, प्रधानमन्त्री देउवा र अध्यक्ष दाहाल अर्थ मन्त्री शर्मासितै 'सती गएर' यस काण्डबाट कलंकित हुने छैनन् । खासगरी प्रधानमन्त्री देउवाले मन्त्री शर्मालाई हटाउनेछन्, र यसबारे उचित छानबिन गराउने छन् । केही गरी अर्थ मन्त्रीमाथि कारबाही हुँदै भएन भने,*

---

[४९] न्यौपाने, कुलचन्द्र र आचार्य, कृष्ण । अर्थमा अनर्थ : प्रधानमन्त्री नै साझेदार । २०७९ असार २२ । कान्तिपुर दैनिक, पृ.१ ।

[५०] प्रधानमन्त्री देउवातर्फ सोझिएको नैतिक प्रश्न (सम्पादकीय) । २०७९ असार २२ । कान्तिपुर दैनिक, पृ. ६ ।

*प्रधानमन्त्रीमाथि अहिले उठेको नैतिक प्रश्न स्वत: अख्तियार दुरुपयोगको प्रश्नमा परिणत हुनेछ, जसबारे उनले बेलैमा बुझ्नु राम्रो हुन्छ ।'* [५१]

कान्तिपुर दैनिकको समाचारमा यो घटनाबारे प्रधानमन्त्री देउवाले अर्थसचिव मधु मरासिनीसँग बुझेको र मरासिनीले अनधिकृत व्यक्ति प्रवेश गरेको जानकारी दिएको उल्लेख गरिएको छ-

*'जनार्दन शर्मा मन्त्री रहुन्जेल मन्त्रालय फर्किन्नँ' भन्दै असार २२ मा बिदामा गएका अर्थ सचिव मधु मरासिनीले प्रधानमन्त्री शेरबहादुर देउवासँग मुख्य दुई विषय राखेका थिए । बालुवाटार स्रोतका अनुसार मरासिनीको पहिलो भनाइ थियो, 'मन्त्रीले मनपरी गर्ने, बदनामी हामीले खेप्नुपर्ने ? म बिदामा बस्छु ।'* [५२]

त्यस्तै बजेट निर्माणमा अनधिकृत व्यक्तिको प्रवेशका विषयमा प्रधानमन्त्रीसँग मरासिनीको स्पष्टीकरण थियो-

*'बजेट निर्माणमा ती व्यक्तिको प्रवेश अहिले चर्चा भए जस्तो होइन तर ती व्यक्तिको संलग्नता रहेको साँचो हो ।'* [५३]

## विधेयक पारित

विवाद जारी रहे पनि २०७९ साल असार २ गते सङ्घीय संसद्को प्रतिनिधि सभाको बैठकले विनियोजन विधेयक पारित गऱ्यो-

*'अर्थ मन्त्री जनार्दन शर्माले निश्चित व्यापारीलाई अनुकूल हुने गरी बजेट निर्माण गरेको भन्ने 'वैधानिकतासम्बन्धी विवाद' निरुपण नहुँदै प्रतिनिधि सभाले विनियोजन विधेयक-२०७९ (बजेट) पारित गरेको छ । प्रतिपक्षी दलका सांसदका साथै*

---

[५१] प्रधानमन्त्री देउवातर्फ सोझिएको नैतिक प्रश्न (सम्पादकीय) । २०७९ असार २२ । कान्तिपुर दैनिक, पृ. ६ ।

[५२] आचार्य, कृष्ण । दबाबसामु अर्थका अधिकारीको समर्पण । २०७९, साउन ३ । कान्तिपुर, पृ. १ ।

[५३] ऐ.ऐ.

*सत्तारुढ दलकै सांसद, मन्त्री तथा शीर्ष नेताहरूले सदन र सार्वजनिक मञ्चमा बजेटको वैधानिकतामाथि प्रश्न उठाएका थिए। ती प्रश्न निवारण नगरी प्रतिनिधि सभाले बिहीबार बजेट पारित गरेको हो।'* [५४]

विधेयक पारित हुँदा एमालेले बहिष्कार गरेको थियो। अर्थ मन्त्रीको राजीनामा, संसदीय छानबिन समिति गठन, सिसिटिभी फुटेज हेर्ने माग सम्बोधन नभएको र सभामुखले संसदीय मर्यादाको सम्मान नगरेको एमालेको आरोप थियो।[५५] कान्तिपुर दैनिकले अर्थ मन्त्रीबाट राजीनामा दिएपछि अर्थ मन्त्रालयको जिम्मेवारी सम्हालेदेखिका विवादास्पद एक दर्जन मुद्दा अघि सारी राजीनामा दिँदैमा शर्माले उन्मुक्ति पाउने हुन् ? भनेर प्रश्न गरेको थियो-

*'आफ्नै विवादास्पद कदमले घेरिएर अर्थ मन्त्रालयबाट जनार्दन शर्माको बहिर्गमन भएको छ, तर बलियो प्रश्न बाँकी नै छ, के राजीनामा दिँदैमा उनले उन्मुक्ति पाउने हुन् ? वित्तीय विचलनका लागि कारबाही हुन सकेन भने संसदीय छानबिन समितिको सार्थकता के रहला ?'* [५६]

बजेटमा राजस्वको दर हेरफेर गर्न २ जना अनधिकृत व्यक्ति अर्थ मन्त्रालय प्रवेश गरे कि गरेनन् भन्ने विवाद बढ्दै गएपछि सिसिटिभी फुटेजको कुरा उठ्यो। त्यतिबेलाको स्थितिका बारेमा अर्थ मन्त्रालयमा भएको सिसिटिभी फुटेज हेर्ने वातावरण बनेको भए ती व्यक्ति प्रवेश गरेको हो वा होइन भन्ने प्रष्टै हुन्थ्यो। तर अर्थ मन्त्रालयले सिसिटिभी फुटेज सार्वजनिक गरेन। बरु उपभोक्ता हित संरक्षण मञ्चले निवेदन हालेपछि अर्थ मन्त्रालयले २०७८ साल साउन १८ गते मन्त्रालयमा जडान

---

[५४] महरा, जयसिंह। अर्थ मन्त्री शर्मामाथि छानविनबिनै बजेट पारित। २०७९ असार ३। कान्तिपुर दैनिक, पृ.१।

[५५] महरा, जयसिंह। अर्थ मन्त्री शर्मामाथि छानविनबिनै बजेट पारित। २०७९ असार ३। कान्तिपुर दैनिक, पृ.१।

[५६] जोशी, हेमन्त र आचार्य, कृष्ण। राजीनामा मात्रै कि कारवाही पनि ? २०७९ असार २३। कान्तिपुर दैनिक, पृ. १।

भएको सिसिटिभीको क्षमता र जडान भएको क्यामराको आधारमा १३ दिनसम्म सिसिटिभीको फुटेज अभिलेख रहने र त्यसपछि स्वतः मेटिने तर्क दियो।[५७] तर यसबारे मिडियामा प्रश्न उठेका पाइन्छ। २०७९ साल असार २० गते अन्नपूर्ण पोस्ट दैनिकमा महिनौँसम्म रेकर्ड रहन्छ भन्ने शीर्षकमा लेखिएको छ-

> *'अर्थकै कतिपय कर्मचारी वर्षौं रेकर्ड रहने र २४ सै घण्टा 'अन' हुने सिसिटिभी मन्त्रालयमा रहेको बताउँछन् । 'महिनौंसम्म रेकर्ड रहन्छ । कहाँ यस्तो १३ दिनमै अभिलेख मेटिने हुन्छ र ? मेटाएपछि जे भने पनि भइगयो नि ! यहाँको सिसिटिभीमा महिनौं रेकर्ड रहन्छ', ती कर्मचारीले भने, 'जति बेला पनि अन नै हुन्छ। राजस्व कति आयो कति खर्च भयो भन्नेसम्मको रेकर्ड सिसिटिभीमा रेकर्ड हुन्छ । यो सबै अर्थ मन्त्री शर्माको जालसाजी हो ।' पहिला लिमिटेड सिसिटिभी रहेको उनले उल्लेख गरे। 'अहिले त अनलिमिटेड छन्। जति पनि रेकर्ड हुन्छ। हो, चाह्यो भने हटाउन चैं सकिन्छ', उनले भने, 'अहिले भएको त्यही हुनुपर्छ। यदि त्यो बेला अनधिकृत मान्छे नभएको भए त देखाउन के को डर त ?'*[५८]

त्यसैगरी समाचारमा त्यसमा मन्त्री नै लागेको शङ्का गरिएको थियो-

> *'मन्त्री शर्माले जानीजानी यो सिसिटिभी फुटेज डिलिट गर्न लगाएको हुन सक्ने आशंका पूर्वकर्मचारीको छ। अनुसन्धानलाई प्रभावित पार्न शर्माले नै यो काम गर्न लगाएको उनीहरूको बुझाइ छ । सिसिटिभी फुटेज नजोडे वा अभिलेख सुरक्षित नराखे विद्युतीय कारोबार ऐनअनुसार कारबाही हुने गृह मन्त्रालयले जारी गरेको कार्यविधिमा छ ।'*[५९]

---

५७ २०७९ साल साउन १९ गते अर्थ मन्त्रालयले उपभोक्ता हित संरक्षण मञ्चलाई लेखेको पत्र।

५८ महिनौँसम्म रेकर्ड रहन्छ। २०७९, असार २० । अन्नपूर्ण पोस्ट, पृ. २ ।

५९ ऐ.ऐ.

तर अर्थ मन्त्री पदबाट राजीनामा दिने बेलामा अर्थ मन्त्रीले सिसिटिभी फुटेज मेटायो भन्ने आरोपलाई खारेज गरेको घोषणा गरेका थिए। २०७८ साल असार २२ गते संसद्को बैठकमा भनेका थिए-

*'कुन सिसिटिभीको क्षमता कति हुन्छ? म कसरी थाहा पाउँछु? कति वर्ष पहिले राखेको सिसिटिभीबारे मलाई कसरी जानकारी हुन्छ?', शर्माले भने, 'सायद अब यो शिक्षाबाट अब सबै मन्त्रीले ख्याल गर्ने होला। कुन मन्त्रीले सबैभन्दा पहिला गएर सिसिटिभीबारे जानकारी लिन्छ होला? कसरी थाहा हुन्छ? यहाँ अहिले भएको सिसिटिभीबारे हामी मान्य (माननीय)हरूलाई के जानकारी होला? त्यो प्राविधिक व्यक्तिले जान्ने कुरा होला। त्यसलाई डिलिट गऱ्यो भनेर आमनागरिकलाई भ्रमित गर्ने जो प्रयत्न भएको छ म खारेजी गर्न चाहन्छु। सत्यतथ्य त्यहीं छ।'* [६०]

अन्नपूर्ण पोस्टले सिसिटिभी मेटाउन सर्वदलीय साथ 'शीर्षकमा समाचार प्रकाशित गऱ्यो। जसमा एमाले सुरुमा कडारूपमा प्रस्तुत भए पनि विस्तारै व्यापारीको पक्षमा लागेको आरोप लगाइएको थियो -

*'सिसिटिभी फुटेज र संसदीय छानबिनको मागबाट ऊ टाढा देखिँदै गयो। कारण एउटै थियो, सिसिटिभीले यस्तो रहस्य खुल्थ्यो- बजेटमा हस्तक्षेपकारी भूमिका निर्वाह गरेका व्यक्ति कुनै व्यापारिक घरानाबाट परिचालित थिए। त्यो यस्तो व्यापारिक घराना हो, जसको सबै राजनीतिक दलसँग उत्तिकै घनिष्ठ दोस्ती छ। उच्च स्रोतका अनुसार पूर्वनासु घिमिरेले तिनै व्यापारीको ललितपुरस्थित घरमा बसेर बजेटका मूलभूत विषय 'ड्राफ्ट' गरेका थिए। जेठ १४ गते राति अर्थ मन्त्रीले विज्ञका रूपमा पूर्वनासु घिमिरेसँगै प्रयोग गरेका 'सीए साप' भनिएका व्यक्ति त्यही व्यापारिक समूहका 'फाइनान्स डाइरेक्टर' थिए। उनी भारतीय नागरिक हुन्। उक्त घरमा*

---

[६०] काफ्ले, सुरेन्द्र र चापागाईं, तारा। अन्ततः अर्थ मन्त्री शर्माको बहिर्गमन। २०७९ साउन २३। अन्नपूर्ण पोस्ट, पृ.२।

*अर्थ मन्त्री शर्मा, अर्का वरिष्ठ मन्त्री र एक राज्यमन्त्रीसहित ती व्यापारीको बाक्लो जमघट हुने गरेको पाइएको छ । उक्त भेटघाटमा अर्को व्यापारिक घरानाका दुई जना पनि नियमित पुग्ने गरेको स्रोतले बतायो । बजेट तिनै घरानाका लाभमा केन्द्रित रहेको पाइएको छ । सिसिटिभीले त्यसको यथार्थ छर्लंग्याउने थियो । बजेट निर्माणमा 'विज्ञ'का नाममा विदेशी प्रयोग भएको सिसिटिभीबाट पुष्टि हुनु सरकारका लागि 'अनर्थ' हुने थियो । त्यही भएर ती व्यापारी तत्काल उपल्ला राजनीतिक सहमतिको प्रयासमा लागिपरे । र, सत्तारूढदेखि प्रतिपक्षीसम्म मिलाउन सफल भए ।'*[६१]

सोही समाचारमा सिसिटिभीलाई सार्वजनिक गर्न गठबन्धनले पनि नचाहेको उल्लेख थियो-

*'सत्तारुढ दलभित्र सिसिटिभीबाटै निचोडमा पुग्नेबारे छलफल भयो । उच्च स्रोतका अनुसार सुरुमा प्रधानमन्त्री, सभामुख र विपक्षी दलको प्रतिनिधि बसेर सिसिटिभी फुटेज हेर्ने तय भयो । तर, त्यसलाई उपलब्ध गराउन अर्थ मन्त्री तयार भएनन् । अन्त्यमा सत्तारुढ गठबन्धनका तर्फबाट प्रधानमन्त्रीले हेर्ने सहमति भयो । प्रधानमन्त्री शेरबहादुर देउवाले त्यसका लागि अर्थ मन्त्रीलाई भने । उनले दिन आनाकानी गरे । र, प्रधानमन्त्रीले पनि गठबन्धनका सहकर्मीहरूलाई भनिदिए, 'उहाँले मान्नु भएन, होस्, छोडिदिनुहोस् ।' अर्थात्, प्रधानमन्त्रीले धेरै रुचि राखेनन् । अन्ततः सबैले बुझे- सिसिटिभी दृश्यमा के छ भनेर ।'*[६२]

छानविन समिति गठन भएपछि समितिले सिसिटिभी फुटेज खोज्यो । समितिका पदाधिकारीहरूले अर्थ मन्त्रालयको निरीक्षण गरे । तर समितिले फुटेज पाएन । १३ दिनपछि स्वतः मेटिँदै जान्छ भन्ने अर्थको भनाइप्रति

[६१] सिसिटिभी मेटाउन 'सर्वदलीय साथ' । २०७९ साउन २० । अन्नपूर्ण पोस्ट, पृ. १ ।

[६२] ऐ.ऐ.

पनि शङ्का गरियो । २०७९ साल साउन ३ गते अन्नपूर्ण पोस्टमा प्रकाशित समाचारमा लेखिएको थियो-

*'संसदीय विशेष छानबिन समितिले तत्कालीन अर्थ मन्त्री जनार्दन शर्माले बजेटमा चलखेल गरेको बेलाको सिसिटिभी फुटेज योजनाबद्धरूपमा मेटाइएको निष्कर्ष निकालेको छ । जेठको सिसिटिभी माग्दा असारको हार्डडिक्स दिनु, उपभोक्ता हित संरक्षण मञ्चले माग्दा १३ दिनसम्म मात्रै रहन्छ भन्नु, अर्थ मन्त्रालयका कर्मचारीको बयानमा यस्तै कुरा आउनुले योजनाबद्ध देखिएको समितिका एक सदस्यले बताए । तीन महिनासम्म सिसिटिभी फुटेज मेटाउन, हटाउन नपाउने कानुनी व्यवस्था हुँदाहुँदै सिसिटिभी फुटेज नहुनुले योजनाबद्ध रूपमा नै मेटाएको निष्कर्षमा पुग्न दुविधा नै छैन', ती सदस्यले भने ।'*[६३]

छानविन समितिले सिंहदरबार प्रवेशद्वारको फुटेज सङ्कलन गर्ने प्रयास गर्‍यो । तर गृहले सिसिटिभी फुटेज १६ दिनसम्म मात्र सञ्चित हुने व्यवस्था भएकाले उपलब्ध गराउन नसकिएको जानकारी छानविन समितिलाई गरायो ।[६४] छानविन समितिले मेटिएको भनिएको सिसिटिभी फुटेज रिकभर गर्न प्रहरीको फरेन्सिक ल्याबमा पठाउने निर्णय गर्‍यो । प्रहरीले रिपोर्ट दियो। तर त्यो रिपोर्टबारे पनि प्रश्न उठे। २०७९ साल साउन ११ गते फरेन्सिक ल्याबको रिपोर्ट नै सन्दिग्ध शीर्षकमा अन्नपूर्ण पोस्ट दैनिकमा समाचार प्रकाशित भयो जसमा लेखिएको थियो-

*'संसदीय विशेष समितिलाई प्रहरीको फरेन्सिक ल्याबले 'रिकभर' गरेर यस्तो सिसिटिभी फुटेज पठायो, जसमा केही बुझिँदैन । समितिका एक सदस्यका अनुसार झल्याकझुलुक दृश्य आउँछ, फेरि खाली-कालो । तत्कालीन अर्थ मन्त्री जनार्दन शर्माले बजेट निर्माणका क्रममा जेठ १४ गते राति*

---

[६३] काफ्ले, सुरेन्द्र । २०७९ साउन ३ । सिसिटिभी योजनाबद्धरूपमा मेटियो । अन्नपूर्ण पोस्ट, पृ. १ ।

[६४] गृह मन्त्रालयले छानविन समितिलाई पठाएको पत्र । २०७९ साउन १० ।

*अनधिकृत व्यक्तिलाई पहुँच दिलाएको विषयमा त्यही नबुझिने दृश्यका भरमा समितिले भने 'केही नपाइएको' भन्न चाहेको स्रोतले बतायो। विज्ञहरू भन्छन्, 'फरेन्सिक ल्याबको रिपोर्ट नै सन्दिग्ध छ। सर्वमान्य अन्तर्राष्ट्रिय ल्याबमा पठाउने हो भने सजिलै सम्पूर्णतः रिकभर हुन्छ।'*[६५]

फरेन्सिक ल्याबको रिपोर्टपछि गोरखापत्र दैनिकले समिति नै अलमलमा परेको समाचार प्रकाशित गऱ्यो जसमा लेखिएको थियो-

*'वार्षिक बजेटमा करका दर हेरफेरका लागि अनधिकृत व्यक्ति प्रवेशको विषयमा छानबिन गरिरहेको संसदीय विशेष समिति 'करिब सुराकबिहीन' बनेको छ। डिलिट भइसकेको भनिएको अर्थ मन्त्रालयको सिसिटिभी फुटेज रिकभरबाट नयाँ प्रमाण प्राप्त गर्ने आशमा रहेको समितिले ठोस तथ्य फेला पार्न नसकेपछि म्याद सकिन दुई दिनअघि करिब प्रमाणविहीन अवस्था बनेको हो।'*[६६]

## समिति र प्रतिवेदनमाथि शङ्का

२०७८ साल साउन २२ गते अर्थ मन्त्री शर्माले राजीनामा दिए। माओवादी नेता वर्षमान पुनले शर्माले नैतिकताको आधारमा राजीनामा दिएको भन्दै निर्दोष ठहरिए शर्मा नै अर्थ मन्त्री हुने बताएका थिए।[६७] शर्माले राजीनामा दिएपछि अनधिकृत व्यक्ति प्रवेश गरेको हो कि होइन भनेर छानविन गरी सत्य तथ्य पत्ता लगाउन सत्तापक्ष र प्रतिपक्षी दलहरूबीच सहमतिमा ११ सदस्यीय छानविन समिति गठन गरियो। समितिमा सत्तारुढ दलका सदस्यहरूको बाहुल्यता थियो। अन्नपूर्ण पोस्ट

---

६५ काफ्ले, सुरेन्द्र। २०७९ साल साउन ११। फरेन्सिक ल्याबको रिपोर्ट नै सन्दिग्ध। अन्नपूर्ण पोस्ट, पृ. १।

६६ काफ्ले, नारायण। २०७९, साउन ११। छानविन समिति सुराकबिहीन। गोरखापत्र दैनिक, पृ.१।

६७ काफ्ले, सुरेन्द्र र चापागाईँ, तारा। अन्ततः अर्थ मन्त्रीको बहिर्गमन। २०७९ साउन २३। अन्नपूर्ण पोस्ट, पृ. २।

दैनिकले समिति गठनलगत्तै यसको निष्पक्षतामा प्रश्न उठाएको पाइन्छ। २०७९ साल असार २३ गते प्रकाशित सम्पादकीयमा लेखिएको थियो-

*'संसद् अल्पमत-बहुमतको गणित चल्ने थलो हो। ११ सदस्यीय समितिमा सत्तारुढ दलकै बहुमत छ। छानबिन गर्ने साधन-स्रोत र तालाचाबी स्वाभाविक रूपमा सरकारका नियन्त्रणमा हुन्छन्। छानबिनकर्तामा पनि सरकार पक्षकै बहुमत भएपछि यो समिति 'दूधको साक्षी बिरालो' बन्ने हो कि भन्ने त्रास छ। अर्थ मन्त्रीले केहीअघि मिडियाबाटै विपक्षीलाई 'सिसिटिभी फुटेज हेर्ने ती को हुन् ?' भनेका थिए। त्यसको केहीपछि उनैले सम्हालेको मन्त्रालयले 'सिसिटिभी फुटेज १३ दिनमै मेटियो' भनी लेखेरै दियो। त्यसमाथि शर्माको राजीनामालगत्तै उनको पार्टी माओवादीले उनी निर्दोष सावित भएर फेरि अर्थ मन्त्रीकै जिम्मेवारीमा फर्कने बताउनाले त्यस्तो संशयलाई पुष्टिको नजिक पुऱ्याइदिएको छ। यस परिप्रेक्ष्यमा अल्पमतमा रहेका विपक्षीका लागि छानबिनको फेदमा पुग्न पक्कै फलामको च्युरा बन्नेछ।'*[६८]

अन्नपूर्ण पोस्टले शर्माले सफाइ पाएर पुनः अर्थ मन्त्रालयको जिम्मेवारी सम्हाल्न सक्ने शङ्का पनि व्यक्त गरेको थियो-

*'निःसन्देह सत्ता गठबन्धनमा शर्माको दर्बिलो पकड र पहुँच छ। त्यही कारण उनलाई प्रधानमन्त्री शेरबहादुर देउवा र पार्टी अध्यक्ष पुष्पकमल दाहालको आड-भरोसा थियो। राजीनामा ढिलो आउनुको मुख्य कारण पनि यही हो। चौतर्फी दबाब झेल्न नसकेर मात्र उनी पद त्याग्न बाध्य भएका हुन्। उता प्रधानमन्त्रीले अर्थ मन्त्रीको जिम्मेवारी अरू कसैलाई नदिई आफैंले लिएका छन्। यी घटनाक्रम हेर्दा शर्मालाई 'चोख्याएर' पुनः त्यही ठाउँमा फर्काउने प्रपञ्च होइन भन्न सकिन्न।'*[६९]

---

[६८] संसदीय समिति : सन्देहको घेरामा (सम्पादकीय)। २०७९ साउन २३। अन्नपूर्ण पोस्ट, पृ. ५।

[६९] संसदीय समिति : सन्देहको घेरामा (सम्पादकीय)। २०७९ साउन २३। अन्नपूर्ण पोस्ट, पृ. ५।

कान्तिपुर दैनिकले पनि छानविनका नाममा शर्मा चोखिन सक्ने शङ्का व्यक्त गरेको थियो। २०७८ साल असार २४ गतेको सम्पादकीयमा लेखिएको थियो-

*'संसदीय समितिको प्रभावकारितामा सधैँजसो प्रश्न उठ्ने गरेकाले पनि सत्ता गठबन्धनकै बहुमत अर्थात् ६ सांसदहरू भएको यस ११ सदस्यीय छानबिन समितिले साँच्चिकै छानबिन गर्छ कि गर्दैन भन्ने आम कौतूहल छ। समितिले छानबिनै नगरी, प्रतिवेदन नै नबुझाई त्यत्तिकै टीकाटिप्पणी गर्नु खासै उचित नहुने भए पनि कतै यसले अनुसन्धानका नाममा शर्मा लगायतलाई त्यसै चोख्याउने प्रपञ्च त गर्दैन भन्ने कतिपय कोणबाट उठेका आशंकालाई त्यत्तिकै खारेज गरिहाल्न मिल्दैन। समितिले यसलाई निष्पक्ष अनुसन्धान गर्नका निम्ति आफूलाई मिलेको बलका रूपमा लिनुपर्छ। र, आम रूपमा उठेका शंका-उपशंकालाई चिर्ने गरी सत्य-तथ्य पत्ता लगाउन विश्वसनीय तथा वास्तविक अनुसन्धान गर्नुपर्छ।'*[७०]

गोरखापत्र दैनिकले भने समितिप्रति शङ्का व्यक्त नगरी समितिले यथार्थ कुरा बाहिर ल्याउने विश्वास व्यक्त गरेको छ । २०७८ साल असार २४ गते गोरखापत्रमा प्रकाशित सम्पादकीयमा लेखिएको छ-

*'समिति गठन भएसँगै बजेट प्रस्तुत गर्ने अघिल्लो रात भएको भनिएको घटना सम्बन्धमा यथार्थ जानकारी सार्वजनिक हुने अपेक्षा गर्न सकिन्छ। प्राविधिक जानकारहरूसँगको परामर्श तथा छलफलले सीसीटिभीका सम्बन्धमा यथार्थ उद्घघाटित हुने नै छ। यो छानबिन समितिले दलीय रङलाई भन्दा वास्तविकतामा बढी ध्यान केन्द्रित गर्ने अपेक्षा आमजनमानसमा रहेको छ। यो आफ्नो दायित्व पूरा गर्न खरो उत्रिने अपेक्षा सर्वत्र छ। यथार्थ प्रतिवेदन सार्वजनिक भएपछि सबै तथ्य छर्लङ्ग नै हुनेछन्।'*[७१]

---

७० संसदीय छानविन समितिको अग्निपरीक्षा (सम्पादकीय)। २०७९, असार २४। कान्तिपुर दैनिक, पृ. ६।

७१ निष्पक्ष छानविनको अपेक्षा (सम्पादकीय)। २०७९, असार २४। गोरखापत्र दैनिक, पृ. ४।

छानविनका क्रममा समितिले अर्थका अधिकारीहरूसँग बयान लियो। तर अर्थका अधिकारीहरूले समितिसमक्ष अनधिकृत व्यक्ति प्रवेशलाई अस्वीकार गरे। प्रष्ट फुटेज प्राप्त नभएपछि छानविन समितिमा मतभेद भयो। एमालेले पूर्वअर्थ मन्त्री शर्माको कल डिटेल हेर्नुपर्ने माग गऱ्यो। तर कल डिटेल हेर्न समितिमा रहेका सत्ता पक्षका सांसदहरू तयार भएनन्। यसबारे कान्तिपुर दैनिकमा लेखिएको थियो-

*'समितिको बैठकमा एमाले सांसद खगराज अधिकारीले छानबिनको टुंगोमा पुग्न कल डिटेल नै प्रमुख आधार भएको तर्क गरेका थिए। समितिमा रहेका एमालेका अन्य तीन सांसदले पनि मोबाइलको कल डिटेल र लोकेसन हेरेर प्रमाण संकलन गर्नुपर्ने धारणा राखेका थिए। कांग्रेस सांसद मानबहादुर विकले कल डिटेल हेर्ने अधिकार न्यायिक समितिलाई मात्रै भएको जिकिर गरेका थिए। 'कल डिटेल हेर्ने अधिकार हामीलाई छ कि छैन? पहिला विचार गरौं। के हामी न्यायिक समिति हो? कि हामी अदालत?' उनले भनेका थिए।'* [७२]

कान्तिपुर दैनिकको समाचारमा प्रतिवेदन आउनु भन्दा अघि नै तथ्यविना नै विशेष समितिको प्रतिवेदन आउने उल्लेख थियो -

*'बजेट निर्माणमा अनधिकृत व्यक्तिको संलग्नतामाथि अध्ययन गर्न गठित संसदीय छानबिन विशेष समितिले यकिन तथ्य नपहिल्याई अनुसन्धान टुंग्याउने भएको छ। प्रहरीको फरेन्सिक ल्याबबाट रिकभर गरिएको अर्थ मन्त्रालयको सिसिटिभी फुटेजमा बजेट निर्माण भएको मध्यरात एउटा कार प्रवेश गरेको देखिए पनि त्यसमा को थिए भन्नेमा समितिले अनुसन्धान गरेको छैन। समितिकै सदस्यबीच मत नमिल्दा कल डिटेल अध्ययन र लोकेसन ट्र्याक पनि नगरिने भएको छ।'* [७३]

---

[७२] श्रेष्ठ, मकर। पूर्वअर्थ मन्त्री शर्माको कल डिटेल हेर्न सत्तापक्षको अवरोध। २०७९, साउन ९। कान्तिपुर दैनिक, पृ.१।

[७३] तथ्य लुकाउन अनुसन्धान अधुरै। २०७९ साउन ११। कान्तिपुर दैनिक, पृ.१।

समितिका सदस्यबीच सहमति हुन नसकेपछि संसदीय समितिले एमालेको फरक मतसहित प्रतिवेदन बुझायो । तर मिडियामा समितिको प्रतिवेदनमाथि प्रश्न उठाइएको छ। २०७९ साल साउन १४ गते अन्नपूर्ण पोस्ट दैनिकमा संसदीय छानविनमाथि प्रश्नै प्रश्न शीर्षकमा प्रकाशित समाचारमा लेखिएको थियो-

*'तत्कालीन अर्थ मन्त्री जनार्दन शर्माले बजेट निर्माणमा अनधिकृत व्यक्तिलाई प्रवेश/पहुँच दिएको विषयमा छानबिन गर्न बनेको संसदीय विशेष समितिको बहुमतले आफैँमाथि थुप्रै प्रश्न उठाउँदै त्यस्तो 'केही नदेखिएको' प्रतिवेदन बुझाएको छ । नभेटिएको सिसिटिभी फुटेजमा नदेखिएको दृश्यलाई उनीहरूले अन्तिम आधिकारिक प्रमाण मानेका छन् । गहन छानबिन गर्नुपर्ने धेरै ठाउँ जानाजान छाडिदिएका छन् । एमालेबाट समितिमा समाविष्ट चार सदस्यले भने फरक मत लेख्दै सिसिटिभी लुकाइएको, कल डिटेल हेर्न नदिइएको, मुख्य आरोपीलाई बयानबाट तर्काइएको उल्लेख गरेका छन् । उनीहरूले थप छानबिन आवश्यक रहेको देखाएका छन् ।'* [७४]

कान्तिपुर दैनिकमा अनुसन्धान विधिमाथि प्रश्न उठाएर समाचार प्रकाशित भएको पाइन्छ । २०७९ साल साउन १५ गते कान्तिपुर दैनिकमा प्रकाशित समाचारमा लेखिएको थियो-

*'समितिले अर्थ मन्त्रालयको सिसिटिभी फुटेज 'स्टोर' हुने हार्डडिक्स सुरुमै नियन्त्रणमा नलिनुका साथै करको दर हेरफेरमा संलग्न भनिएका पूर्वनासु रघुनाथ घिमिरे र अर्का चार्टर्ड एकान्टेन्ट (सीए) बजेट निर्माणको दिन कहाँ थिए, उनीहरूले कोसँग कुरा गरे भन्ने पत्ता लगाउन 'कल डिटेल' र 'लोकेसन ट्र्याक' समेत नगरेका कारण अनुसन्धान विधिमाथि प्रश्न उब्जिएको हो । 'सबैभन्दा बढी शंकाको घेरामा रहेका रघुनाथमा केन्द्रित रहेर अनुसन्धान अघि बढाउनुपर्थ्यो,' उक्त*

---

[७४] काफ्ले, सुरेन्द्र, चापागाईं, तारा र थापा, ममता । संसदीय छानविनमाथि प्रश्नै प्रश्न । २०७९, साउन १४ । अन्नपूर्ण पोस्ट, पृ. १ ।

*घटनालाई नजिकबाट नियालेका प्रहरीका एक उच्च अधिकारीले भने, 'जेठ १४ गते उनीहरू रहेको लोकेसनबाट अनुसन्धान गर्नुपर्नेमा अर्थ मन्त्रालयका कर्मचारीको बयानबाट छानबिन सुरु गरियो। त्यही कारण प्रमाण भेटिएन।'*[७५]

छानविन समितिको प्रतिवेदनपछि प्रधानमन्त्री शेरबहादुर देउवाले जनार्दन शर्मालाई नै अर्थ मन्त्रीमा पुन नियुक्ति गरे जसप्रति पनि मिडियाले प्रश्न उठाएका थिए। २०७९ साल साउन १६ गते कान्तिपुरमा प्रकाशित सम्पादकीयमा 'सुनियोजित सफाइ' को सङ्ज्ञा दिँदै जनार्दन शर्मालाई पुनः अर्थ मन्त्री बनाउनुमा पनि शङ्का गर्दै लेखिएको थियो-

*'बजेट निर्माणका बेला अनधिकृत व्यक्तिलाई अर्थ मन्त्रालय प्रवेश गराई करका दर हेरफेर गराएको आरोपमा राजीनामा दिएका जनार्दन शर्मालाई नै पुनः अर्थ मन्त्री बनाएर प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहालले यो देश विधि-पद्धति, नैतिक राजनीतिका मूल्य-मान्यता र लोकमतका आधारमा नभई पूरापूर आफूहरूको 'हुकुम प्रमांगी' मा चल्छ भन्ने सन्देश दिएका छन्। आर्थिक अपराधको संगीन आरोप लागेको व्यक्तिलाई संसदीय छानबिनको नौटंकी-मञ्चमा चोख्याएको अभिनय गराई पुनः जिम्मेवारी सुम्पिएर उनीहरूले स्वेच्छाचारी राजको झल्को दिएका छन्। यसबाट पूर्वकार्यकालमा आफूले गरेका हर्कतका निम्ति अर्थ मन्त्री शर्मा निमित्त नायक मात्र थिए, खास सूत्रधार त देउवा र दाहाल नै रहेछन् भन्ने देखिएको छ। नेताद्वयमा देखिएको 'हामीले जे गरे पनि हुन्छ' भन्ने यस्तो बलमिच्याइँ लोकतन्त्र तथा उत्तरदायी शासन व्यवस्थाको श्रीवृद्धिका निम्ति सर्वथा घातक छ।'*[७६]

कान्तिपुर दैनिकले दोषीलाई चोख्याएका घटनाले संसदीय छानविनको

---

[७५] श्रेष्ठ, मकर। शर्मालाई उन्मुक्ति दिन अनुसन्धानमा उल्टो विधि। २०७९, साउन १५। कान्तिपुर दैनिक, पृ. १।

[७६] देउवा-दाहालको निर्लज्ज शासन (सम्पादकीय)। २०७९, साउन १६। कान्तिपुर दैनिक, पृ. ६।

अवधारणा नै कमजोर हुन पुगेको भन्दै विगतमा पनि यस्ता घटना भएको स्मरण गराएको थियो। २०७९ साल साउन २५ गते प्रकाशित कान्तिपुरको सम्पादकीयमा लेखिएको थियो-

*'अर्थमन्त्री शर्मालाई उन्मुक्ति दिइएको घटना त एउटा नवीन उदाहरण मात्र हो। यसअघि पनि सुडान घोटालादेखि वाइडबडीसम्म, सेक्युरिटी प्रेसदेखि ओम्नी प्रकरणसम्म भएका अनियमिततामा यस्ता समितिहरूले नीतिगत निर्णय गर्ने नेताहरूलाई सधैं सफाइ दिएका छन्। संसदीय समितिले कर्मचारीलाई मुछेर नेतालाई चोख्याएको उदाहरणसम्म छ। कुनैमा पर्याप्त छानबिन नै नगरी थप अनुसन्धान गर्न अख्तियार पठाइएको छ।'*[७७]

गोरखापत्र दैनिकमा प्रतिवेदनमाथि शङ्का व्यक्त गरिएका सामग्री प्रकाशित भएको पाइँदैन। बरु सहयोग पुग्ने सामग्रीले स्थान पाएको देखिन्छ। २०७९ साल साउन १९ गते गोपाल देवकोटाको नाममा पाठकपत्र प्रकाशित भएको थियो। जसमा लेखिएको थियो-

*'अर्थ मन्त्री जनार्दन शर्माले संसदीय छानविन समितिबाट सफाइ पाउनासाथ पुनः अर्थ मन्त्रीमा पुनर्वहाली पाएका छन्। छानविनका लागि उनी स्वयंले मार्गप्रशस्त गरेका थिए, राजीनामा दिएका थिए। जब छानविनबाट उनी विरूद्ध कुनै प्रमाण फेला परेन, उनी निर्दोष देखा परे त्यसपछि गर्ने भनेकै निर्दोष पात्रलाई न्याय दिनु हो।'*[७८]

## अरू विषय पनि जोडिए

बजेटमा राजस्वका दर हेरफेरपछि परेको प्रभाव र अर्थ मन्त्री जनार्दन शर्मासँग जोडिएका केही विषयलाई यसबीचमा अन्नपूर्ण पोस्ट र कान्तिपुर दैनिकले उठाएको पाइन्छ। जसमा बजेटमा राजस्वका दर हेरफेरले असर गरेको छ र अर्थ मन्त्री शर्माले अरू क्षेत्रमा पनि गडबड गरेका छन्

---

[७७] अर्थहीन संसदीय छानविन (सम्पादकीय)। २०७९ साउन २५। कान्तिपुर दैनिक, पृ. ६।

[७८] अर्थ मन्त्रीप्रति न्याय (पाठकपत्र)। २०७९, साउन १९। गोरखापत्र दैनिक, पृ. ५।

है भन्ने सन्देश रहेको छ । अन्नपूर्ण दैनिकले १५ दिनमै घट्यो भन्सार राजस्व, स्वास्थ्य बिमामा साढे ७ अर्बको खेल, पूर्वनासु घिमिरेले चलाएका थिए प्रतिस्थापन विधेयक, भन्सार दरमा चलखेलले स्वदेशी उद्योगलाई घातलगायतका शीर्षकमा समाचार प्रकाशित गरेको पाइन्छ ।

*'पूर्वनायब सुब्बा रघुनाथ घिमिरेले यो बजेट मात्र चलाएका होइनन्, अर्थ मन्त्री जनार्दन शर्माले गत भदौमा ल्याएको प्रतिस्थापन विधेयकमा पनि 'शक्तिशाली हस्तक्षेप' गरेको पाइएको छ । शर्मा मन्त्री भएर आएदेखि नै अर्थमा उनको 'रजगज' चलेको त्यहाँका विशिष्ठ कर्मचारीहरू बताउँछन् ।'* [७९]

स्वास्थ्य बिमामा 'सेटिङ' शीर्षकको अर्को समाचार यस्तो छ-

*'२०७२ सालमा सुरु भयो, स्वास्थ्य बिमा कार्यक्रम। सञ्चालनको जिम्मा दिइयो, स्वास्थ्य मन्त्रालयअन्तर्गतको स्वास्थ्य बिमा बोर्डलाई। बोर्डको काम प्रभावकारी थियो नै। तर, ६ वर्षपछि अर्थ मन्त्री शर्माले बजेटमार्फत एकाएक बोर्डको अधिकार खासे। र, निजी कम्पनीलाई दिने घोषणा गरे। यसका लागि ७ अर्ब ५० करोड रुपियाँ बजेटमा पनि छुट्टाए।'* [८०]

कान्तिपुर दैनिकमा अर्थ मन्त्रीको निर्देशनमा लिखित परीक्षाबिनै सेयर ब्रोकर थपिँदै, इन्धनमा अचाक्ली कर : नघटाउने अर्थ मन्त्रीको अड्डी, अर्थ मन्त्रीका रूपमा शर्मा : गरिखानेलाई सहुलियत दिन अनुदानलगायतका शीर्षकमा समाचार प्रकाशित भएको पाइन्छ-

*'अर्थ मन्त्री जनार्दन शर्माको ठाडो निर्देशनमा नेपाल स्टक एक्सचेन्ज (नेप्से) ले ठूलो सङ्ख्यामा सेयर ब्रोकर थप्ने तयारी गरेको छ। दोस्रो बजारको कारोबारलाई पूर्ण स्वचालित (अनलाइन) बनाएर ब्रोकरको सङ्ख्या घटाउने उद्देश्यविपरीत नेप्सेले एकै पटक ठूलो सङ्ख्यामा ब्रोकर थप्ने तयारी गरेको हो। अनलाइनमार्फत मात्रै सेयर कारोबार हुने भएपछि सङ्ख्या घटाएर*

[७९] काफ्ले, सुरेन्द्र । पूर्वनासु घिमिरेले चलाएका थिए प्रतिस्थापन विधेयक पनि । २०७९, असार ७ । अन्नपूर्ण पोस्ट दैनिक, पृ.१ ।

[८०] थापा, ममता । स्वास्थ्य बिमामा 'सेटिङ' । २०७९, असार ५ । अन्नपूर्ण पोस्ट, पृ.२ ।

*ब्रोकरको संस्थागत क्षमता, पुँजीगत आधार, सुशासनलगायत पक्ष अभिवृद्धि गर्नुको साटो सेयर ब्रोकर थप्ने नेप्सेको तयारीलाई सर्वत्र चासो र आशंकाका रूपमा हेरिएको छ।"*[८१]

## निष्कर्ष

अनुसन्धानमूलक रिपोर्टिङलाई तथ्य र प्रमाणले पुष्टि गर्नुपर्ने हुन्छ। अन्नपूर्ण पोस्टका पत्रकारले यो समाचारसम्बन्धी आफूहरूसँग प्रमाणहरू भएको दाबी गरेका थिए। समाचारको सत्य/तथ्यबारे संसदीय समितिले पत्रकारसँग जानकारी लिएको थियो। जसमा उनीहरूले आफूहरू शतप्रतिशत विश्वस्त भएको, सूचना जेठ १५ गते नै आइसकेको, प्रमाणहरू सङ्कलन गर्न र समाचार पुष्टि गर्न समय लागेकाले गर्दा ३० गते मात्र प्रकाशित गरेको र लेखेको कुरा सत्य हो भन्नेमा आफूहरू ढुक्क भएको दाबी गरेका थिए। समाचारहरूमा आवश्यक सबै तथ्य प्रमाणहरू भएको र सिसिटीभी फुटेज सुरक्षा संवेदनशिलतासँग जोडिएकाले राज्यले नै सार्वजनिक गर्नुपर्नेमा उल्टै लुकाउन  र मेट्न लागेको आरोप पत्रकारको तर्क छ।[८२] बजेट प्रस्तुत हुनु भन्दा अघिल्लो रात अर्थ मन्त्रालयमा अनधिकृत व्यक्ति प्रवेश गरी राजस्वका दर हेरफेर गरिएको विषयमा मुख्य र अकाट्य प्रमाण हुने सिसिटिभीको फुटेज मिडियाले सार्वजनिक गर्न नसक्दा अर्थ मन्त्रीबाट राजीनामा दिएका जनार्दन शर्माले सफाइ पाए र पुन: अर्थ मन्त्री हुन सफल भए।

त्यसो त सत्तामा हुनेहरूविरुद्ध भ्रष्टाचार तथा अनियमितताका समाचार आएपछि छानविन तथा कारबाहीका लागि दबाबहरू सिर्जना हुन्छन्। यस्तोमा सरकारी निकायले पनि अग्रसरता देखाउन सक्छन्। प्रतिपक्षी, मिडिया, नागरिक समाजलगायतबाट हुने दबाबस्वरूप हुने छानविनले दोषीलाई कारबाही गर्न सहयोग पुऱ्याउँछ। तर कुनैबेला छानबिनमा दबाब

---

[८१] बन्जाडे, यज्ञ। अर्थ मन्त्रीको निर्देशनमा लिखित परीक्षाबिनै सेयर ब्रोकर थपिँदै। २०७९, असार ६। कान्तिपुर दैनिक, पृ. ९।

[८२] अन्नपूर्ण पोष्टका पत्रकार सुरेन्द्र काफ्लेसँग २०८१ असार ११ गते गरिएको कुराकानीमा आधारित।

छल्न र दोषीलाई उम्काउने नियत पनि हुन सक्छ। मिडियाले गर्ने कुनै अनुसन्धानात्मक रिपोर्टिङ कालान्तरमा गएर तथ्य र प्रमाण नपुग्दा पुष्टि नहुन पनि सक्छ।

अन्नपूर्ण पोस्ट दैनिकमा प्रकाशित सिसिटिभी काण्डसम्बन्धी समाचार र त्यसपछि अरू मिडियामा त्यस विषयको फलोअपस्वरूप आएका सामग्री, त्यसले राष्ट्रिय राजनीतिमा सिर्जना भएको तरङ्ग, अर्थ मन्त्रीको राजीनामा माग, राजीनामाका लागि दबाब, अर्थ मन्त्रीको राजीनामा, संसदीय छानविन समिति गठन, अर्थ मन्त्रीमा पुनः शर्माको पुनर्नियुक्ति जस्ता शृङ्खलाबद्ध घटनाक्रमले नेपालको खोजी पत्रकारिता र मिडियाको भूमिकामाथि बहस सिर्जना गरेको छ।

अन्नपूर्ण पोस्टले बजेट निर्माणका क्रममा अनधिकृत व्यक्तिको प्रवेश गराएर करको दर हेरफेर गरेको विषयमा अनुसन्धानमूलक रिपोर्टिङ सार्वजनिक गर्नु आफैँमा महत्त्वपूर्ण कार्य थियो। समाचारको स्रोत प्रयोग गरेर घटना विवरणलाई शब्दमा उतारिएको थियो। राजस्वका दरहरूमा हेरफेर भएको कुरा तथ्याङ्कसहित प्रस्तुत गरिएको थियो। त्यसमा संलग्न २ जनामध्ये १ जना पात्रका बारेमा विस्तृत विवरण दिइएको पाइन्छ। राजस्व महाशाखाका प्रमुखदेखि कतिपय विज्ञसँग गरिएको कुराकानीलाई पनि समाचारमा उल्लेख गरिएको थियो। तर अत्यन्तै संवेदनशील र ठूलो विषय भए पनि पर्याप्त प्रमाणविना यसलाई पुष्टि गर्न कठिन हुने विषय थियो। निजी क्षेत्रमा मिडियाले अर्थ मन्त्रीले गलत गरेका हुन् भन्ने आफूले अघि सारेको एजेन्डालाई विज्ञ, प्रमुख प्रतिपक्षी दल, संसद्मार्फत स्थापित गर्ने प्रयास गरेको पाइन्छ। तर सरकारले त्यसको प्रतिवाद गर्ने प्रयास गरेको देखिन्छ। केही समयपछि भने मिडियाले संसदीय समितिको छानविन समिति र प्रधानमन्त्रीको नियतमाथि समेत प्रश्न गरेको पाइन्छ। प्रमाणलाई अघि सार्ने कि प्रमाण नष्ट गर्न सरकार लाग्यो, दोषीले उन्मुक्ति पाउने भए भन्नेतर्फ मिडिया लाग्ने? त्यो अर्को प्रश्न पनि यस घटनाले देखाएको छ।

कुनै व्यापारी/कम्पनीको फाइदा र कुनै व्यापारीका लागि बेफाइदा पुऱ्याउनका लागि विज्ञका नाममा २ जना अर्थ मन्त्रालय पुगेका हुन्

कि होइनन् भन्ने पुष्टि हुनका लागि तस्बिर वा भिडियो वा दुवै हुनुपर्ने थियो । ती व्यक्तिको मोबाइल फोनको लोकेसन ट्र्याक गर्न पनि सकिन्थ्यो । मन्त्रालय पुगेका भनिएका व्यक्तिहरूसँग पनि कुरा गर्न सकिन्थ्यो। प्रमाणका रूपमा कम्तीमा तस्बिर र भिडियो सार्वजनिक गर्न सकेको भए समाचार यति बलियो हुने थियो कि जसको विषयमा प्रश्न नै उठ्दैनथ्यो। र, आरोप लागेका व्यक्तिले सफाइ पाउने अवसर पनि सिर्जना हुने थिएन। तर अन्नपूर्ण पोस्टले शब्दलाई पुष्टि हुने गरी तस्बिर वा भिडियो सार्वजनिक गरेन। यसले मिडियाले विषयहरूलाई अघि सार्ने मात्र हो कि प्रमाणसहित अघि सारी निष्कर्षमा पुग्ने वातावरण बनाउने हो भन्ने पनि बहस सिर्जना गरेको छ।

अनुसन्धानमूलक समाचार पर्याप्त तयारी, तथ्य र प्रमाणका साथ गर्नुपर्ने हुन्छ । सबै पक्षसँग सोधखोज गरेर त्यससँग सम्बन्धित सबै प्रमाण तथा तथ्य/तथ्याङ्क जम्मा गरेपछि मात्र समाचार तयार गर्नुपर्छ । र, समाचार प्रकाशित भएपछि त्यसको प्रभाव के के पर्न सक्छ र प्रमाणहरूलाई कसरी नष्ट गर्न वा लुकाउन सक्छन् भन्नेतर्फ ध्यान दिइ पूर्वतयारी गर्नुपर्ने थियो। यस पक्षमा अन्नपूर्ण पोस्ट दैनिकको तयारी कमजोर देखिन्छ। अन्नपूर्ण पोस्टले स्रोतलाई बढी विश्वास गरेको र अकाट्य प्रमाणहरू सङ्कलन गर्न आवश्यक धेरै ध्यान नदिएको देखिन्छ । अन्नपूर्ण पोस्ट दैनिकले स्रोतबाट सिसिटिभी फुटेज लिने र त्यसलाई राम्रोसँग नियालेर ती व्यक्ति अर्थ मन्त्रालय गएको प्रमाणसहित समाचार प्रकाशित गर्न सक्थ्यो । त्यसका लागि थप मेहनत गर्दा समाचार प्रकाशित गर्न केही समय लाग्ने भए पर्खँदा पनि राम्रो हुने थियो । एउटा च्यानलबाट पर्याप्त प्रमाण जुट्न नसकेको अवस्थामा बहुविकल्पबाट सङ्कलन गर्न सकिन्थ्यो । अर्थ मन्त्रालयको सिसिटिभी फुटेज मुख्य प्रमाण हुन सक्थ्यो भने सिंहदरबारका विभिन्न क्षेत्रमा जोडिएका सिसिटिभी फुटेज सहायक प्रमाणका रूपमा हुन सक्थे। त्यो भन्दा बाहेक अरू प्रमाणहरू के के हुन सक्छन् भनेर सूचनाको गोप्यता कायम हुने गरी विज्ञहरूसँग पनि सल्लाह लिने र सोहीअनुसार प्रमाण सङ्कलनतिर जान सकिन्थ्यो। तर, त्यो पक्षमा अन्नपूर्ण पोस्ट चुकेको

देखिन्छ । यसले अनुसन्धानमूलक रिपोर्टिङमा पत्रकार र मिडियामा केही न केही समस्या रहेको देखाउँछ ।

अन्नपूर्ण पोस्ट दैनिकले समाचार प्रकाशित गरेपछि कान्तिपुर दैनिकलगायत अरू मिडियाले यो विषयमा फलोअप गरेको पाइन्छ जुन आफैंमा राम्रो पक्ष पनि हो । यसले विषयलाई स्थापित गर्नुका साथै दोषीमाथि कारबाही गर्ने वातावरण तयार हुन सक्छ । तर अरू मिडियाले पनि तथ्य प्रमाण सङ्कलनमा विशेष पहल लिएको पाइँदैन । विषयसँग सम्बन्धित घटनाक्रमलाई फलो गर्ने, त्यसलाई सहयोग पुग्ने कोणबाट सामग्रीहरू प्रकाशित गर्ने, मन्त्रीले अरू विषयमा के-के गलत गरेका थिए भन्ने विषय उजागर गर्ने, अनुसन्धानका लागि गठन भएको समितिका काम कारबाहीमा केन्द्रित हुने, त्यसमा हुन सक्ने कमजोरीका बारेमा निगरानी राख्नेलगायतका कार्य गरे पनि बजेटमा राजस्वका दर हेरफेरका लागि बाह्य व्यक्ति प्रयोग गरिएको विषयमा थप तथ्य प्रमाण जुटाउने र त्यसलाई सार्वजनिक गर्ने काम भएन । जसले गर्दा संसदीय समितिका अनुसार ६० वटा क्षेत्रमा करका दर हेरफेर गरिए पनि करका सिद्धान्त तथा नीतिलाई ध्यान दिएर गरिएको हो कि व्यापारिक घरानाको प्रभावमा भन्ने खुट्याउन सक्ने अवस्था रहेन । तर करका दर हेरफेरमा विवाद भएपछि संसदीय छानविन समितिले विद्युतीय गाडीमा बढाइएको करलगायतमा पुनरावलोकन गर्न सुझाव दिएको थियो । व्यक्ति प्रवेश स्थापित हुन नसकेपछि प्रभावलाई महत्त्व दिएर अघि बढेको पाइँदैन । गोरखापत्र दैनिकले धेरैजसो सरकारी पक्षलाई सहयोग हुने गरी सामग्रीहरू दिए पनि छानविन समितिमा देखा परेको संशय र मतान्तरलाई भने महत्त्व दिएको पाइन्छ ।

छानविनमा कारबाही गर्ने मात्र होइन, चोख्याउने नियत पनि हुन सक्छ । राज्यले शक्तिको दुरुपयोग पनि गर्न सक्छ । शक्ति र पदमा हुनेले त्यसको दुरुपयोग गरेर प्रमाण नष्ट गर्न वा लुकाउन सक्छन् । त्यसले गर्दा उठान गरिएका विषयहरू पुष्टि नहुन र दोषीहरू उम्कन सक्छन् । यस्तो अवस्थामा पत्रकार र मिडियाको विश्वसनीयतामाथि पनि प्रश्न उठ्छ भने गलत कार्यमा संलग्न हुनेहरूको मनोबल बढ्न सक्छ । बजेटमा राजस्वका

दर हेरफेरसम्बन्धी समाचारले पत्रकार र मिडियाको क्षमता र कार्यशैलीमा गम्भीर प्रश्न खडा गरेको छ। पर्याप्त तथ्य र प्रमाण सङ्कलन गर्न नसक्नु वा सङ्कलन गरी सार्वजनिक नगर्ने जुनसुकै प्रवृत्ति भए पनि यसले पत्रकार र मिडियालाई सबल बनाउन सहयोग पुऱ्याउँदैन। त्यसैले अनुसन्धानात्मक रिपोर्टिङबारे गम्भीर समीक्षा गरी कमजोरीहरू सुधार गर्न जरुरी छ ताकि आगामी दिनमा मिडियाले उठाएका विषयहरू पुष्टि हुन नसकी आरोपित व्यक्तिको नै शक्ति र सत्तामा हालीमुहाली चलिरहोस्। त्यसैले अनुसन्धानमूलक रिपोर्टिङमा देखापरेका यस्ता कमजोरीलाई सुधार गर्दै आगामी दिनमा अघि बढ्नुको विकल्प छैन।

## सन्दर्भ सामग्री


अर्थ मन्त्रालयले उपभोक्ता हित संरक्षण मञ्चलाई लेखेको पत्र। २०७९ साउन १९।

अर्थ मन्त्रालयद्वारा जारी प्रेस विज्ञप्ति। २०७९ जेठ ३०।

अन्नपूर्ण दैनिक। २०७९ असार ३०-२०७९ साउन ३०।

*आर्थिक विधेयक, २०७९ मा करका दरहरू हेरफेर गर्ने सम्बन्धमा अनधिकृत व्यक्ति प्रवेश गरेको विषयसम्बन्धी संसदीय छानविन प्रतिवेदन २०७९*। काठमाडौँ : सङ्घीय संसद् प्रतिनिधि सभा संसदीय छानविन समिति, २०७९।

आर्थिक विधेयक, २०७९ मा करका दरहरू हेरफेर गर्ने सम्बन्धमा अनधिकृत व्यक्ति प्रवेश गरेको विषयसम्बन्धी संसदीय छानविन प्रतिवेदन २०७९, नेकपा एमालेको फरक मत। २०७९ साउन १३।

गृह मन्त्रालयले छानविन समितिलाई पठाएको पत्र। २०७९ साउन १०।

कान्तिपुर दैनिक। २०७९ असार ३०-२०७९ साउन ३०।

गोरखापत्र दैनिक। २०७९ असार ३०-२०७९ साउन ३०।

# लेखक परिचय

**डा.कुन्दन अर्याल** : सहप्राध्यापक अर्याल पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालयका विभागीय प्रमुख तथा स्वतन्त्र पत्रकार हुन् ।

**चेतना कुँवर** : सेन्टर फर मिडिया रिसर्च-नेपालमा मिडिया अनुसन्धानमा संलग्न कुँवर काठमाडौं विश्वविद्यालयबाट विद्यावारिधि गर्दैछिन् ।

**जनार्दन नेपाल** : विभिन्न गैरसरकारी संस्थामा करिव दुई दशक अनुभव हासिल गरेका नेपाल विकास, परामर्श र अनुसन्धानको क्षेत्रमा सक्रिय छन् ।

**तिलक पाठक** : दुई दशक पत्रकारिताको अनुभव सङ्गालेका पाठक पत्रकारिताको अध्ययन-अध्यापन र अनुसन्धान क्षेत्रमा सक्रिय छन् ।

**तेजमान श्रेष्ठ** : संवैधानिक कानुन तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा दख्खल राख्ने अधिवक्ता श्रेष्ठ नेपाल ल क्याम्पस, कानुन सङ्काय, त्रिभुवन विश्वविद्यालयमा उपप्राध्यापक छन् ।

**दीपक अर्याल** : दुई दशकदेखि पत्रकारिता तथा मिडिया अध्ययन-अध्यापनमा सक्रिय अर्याल अनुसन्धान र लेखनमा संलग्न छन् ।

**डा. दिपेशकुमार घिमिरे** : भ्रष्टाचार र अविकास शीर्षकमा विद्यावारिधि गरेका घिमिरे त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीय विभाग कीर्तिपुरका उपप्राध्यापक हुन् ।

**भुवन केसी** : दुई दशक पत्रकारिताको अनुभव सङ्गालेका केसी मिडिया, राजनीतिलगायत विषयको अध्ययन तथा अनुसन्धानमा सक्रिय छन् ।

**राजीवरञ्जन सिंह** : त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्रमा स्नातक गरेका सिंह अनुसन्धानमा सक्रिय छन् ।

**सगुन लोथ्याल** : त्रिभुवन विश्वविद्यालय, पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागमा स्नातकोत्तर तह अध्ययन गरेकी लोथ्याल सेन्टर फर मिडिया रिसर्च-नेपालमा इन्टर्नका रूपमा काम गरेकी थिइन् ।

**हरिबहादुर थापा** : वरिष्ठ पत्रकार थापा राजनीति, प्रशासन र संसदीय ममिलासम्बन्धी पुस्तक लेखन तथा अनुसन्धानमा सक्रिय छन् ।

www.research.butmedia.org

9 789937 171359